Jana Aakash National Weekly

www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ३, २०८२ साल साउन २० गते मंगलबार (August 5, 2025) www.janaakash.com.np



## जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# आफ्नै देशको गाडी उत्पादन गर्ने तयारी गरौं

■ मोहन कार्की

नेपालमा वार्षिक रुपमा झण्डै ४ खरब अटो क्षेत्रमा कारोबार हुने र त्यसमा झण्डै ३ खरब रकम बाहिरिने गरेको नाडा अटोमोवाइल एशोसिएसन अफ नेपालले जानकारी दिने गरेको छ ।

यति धेरै ब्यापार हुने क्षेत्रमा नेपालमा पछिल्लो समय टायर, हेल्मेट, मोविल केही नगन्ने मात्रमा उत्पादन गर्न थालिएका छन् । भने होण्डा वाईक र बजाजले नेपालमा ऐसेम्बल गर्दै आईरहेको छ ।

टाटा ब्राण्डको गाडी बेच्दै आएको नेपालको आधिकारिक ट्रेडिङ सिप्रदीले आफ्नै २० भन्दा बढी क्षेत्रमा आफ्नै मर्मत केन्द्र स्थापना गरेर सेवा दिईरहेको छ ।

माथि आटोमोवाइल क्षेत्रमा हुने झण्डै ४ खरबको ब्यापार नेपालमै आफ्नै यातायात उत्पादन गर्ने कारखाना खोलेर नेपालीको रकमले धेरै मानिसहरुलाई रोजगार सृर्जना गर्न सक्ने सम्भावना देखिन्छ । तर नेपालले अहिलेसम्म यातायातको क्षेत्रमा दिर्धकालीन योजना बनाई सार्वजनिक गरेको सुन्नमा आएको छैन ।



नीजि क्षेत्र हुलास मोटरले मुस्ताङ नामक गाडी नेपालमा नै निर्माण गर्न डा. बाबुराम भट्टराईको पालामा शुरु गरेको जनाएको थियो । तर अहिलेसम्म त्यसको उत्पादन भएको छैन ।

नीजि क्षेत्रका व्यवासयीहरुलाई नेपालमा नै यातायातका सधन उत्पादन गर्न सकिदैन भनेर जनआकाश टिमले बाराम्बार सोध्ने गरेको छ ? गाडी बेच्दै आएका ट्रेडिङ कम्पनीहरुका सञ्चालकले सरकारले सहज वातावरण बनाई जग्गाको व्यवस्थापन र लगानीको ग्यारेण्टी गरिदिएमा नेपालमा पनि यातायातको साधन उत्पादन गर्न सकिने भन्दै आएका छन् ।

नाडा आटोमोवाइल एशोसिएसन अफ नेपालका पूर्व अध्यक्ष शम्भु दाहाल, कृष्ण प्रसाद दुलाल निवर्तमान अध्यक्ष धुब्र थापाले नेपालमा लगानीमैत्री वातावरण भएमा नेपाली लगानीकर्ता नेपालमानै म्यानुफ्याचरमा लाग्ने बताउछन् ।

नाडा अटोमोवाइलका अध्यक्ष करण चौधरीले “औद्योगिक क्षेत्रमा स्थाई नीति हुनुपर्छ । नेपालमा एउटा नीति बन्छ । उद्योगलाई सहजीकरण गर्ने विषयमा अर्को सरकार चेन्ज हुने वित्तिक्कै त्यस्तो काहा हुन्छ भनेर **आफ्नै देशको गाडी**... फेरी डिस्टब

» बाकी ६ पृष्ठमा

# तारकेश्वर गाँउपालिका–६ का वडाध्यक्ष रिमालको निधन



नुवाकोट- नुवाकोटको तारकेश्वर गाँउपालिका वडा नम्बर- ६ का अध्यक्ष नारायणप्रसाद रिमालको ४४ वर्षको उमेरमा आज बिहान निधन भएको छ । ज्वरो र निमोनियाले स्वास्थ्य प्रतिकूल भएसँगै वीर अस्पताल काठमाडौंमा उपचारको क्रममा उनको निधन भएको परिवार स्रोतले जनाएको छ ।

गत जेठमा पत्थरीको शल्यक्रियापश्चात नियमित स्वास्थ्य जाँच गराउँदै आएका उनलाई पछिल्लो एक सातादेखि ज्वरो र निमोनियाले समस्या बनाएको थियो । नेकपा (एमाले) नुवाकोटको सचिवालय सदस्य समेत रहेका रिमाल यसअघि विसं २०७४

» बाकी ६ पृष्ठमा

# अनसनरत मेयर भट्टराई र सरकारबीच सहमति



काठमाडौं- वन्यजन्तुबाट कृषिमा हुने क्षति, जलवायु परिवर्तन र स्थानीय स्रोत-साधनको संरक्षणमा आधारित सात बुंदे माग राख्दै आमरण अनसनमा बसेका दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराई र सरकबारबीच सैद्धान्तिक सहमति भएको छ ।

आइतबार माइतीघर मण्डलामा नगरप्रमुख भट्टराईको तर्फबाट पत्रकार सम्मेलन गर्दै सरकारसँग ७ बुंदे

» बाकी ६ पृष्ठमा

# साउदी अरबमा ३१औं विश्व आदिवासी दिवस मनाइने




साउदी अरब- आगामी अगष्ट ८ गते साउदी अरबमा ३१औं विश्व आदिवासी दिवस भव्य रूपमा मनाइने भएको छ। नेपाल आदिवासी जनजाति महासंघ र राष्ट्रिय समन्वय परिषद्, साउदी अरबको आयोजनामा जुबेल सेन्टरस्थित के.आई.हिमालयन किचनमा कार्यक्रम आयोजना गर्न लागिएको हो ।

कार्यक्रमको मूल नारामा ‘ प्राकृतिक स्रोत, जल, जमीन र जंगल माथि आदिवासी जनजातिको अधिकार सुनिश्चित गर’ र ‘यूएनडिआरआइपी तथा आइएलओ १६९ सम्बन्धी सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गर’ रहेको छ ।

सांस्कृतिक कार्यक्रममार्फत नेपाली आदिवासी जनजातिको मौलिक संस्कृति, जातीय परम्परा र पहिचान झल्काउने विभिन्न प्रस्तुति गरिने आयोजकले जनाएको छ । साउदी अरबमा क्रियाशील महासंघ अन्तर्गतका सम्पूर्ण जातीय संस्थाहरूलाई कार्यक्रममा सहभागी हुन विशेष अनुरोध गरिएको छ ।

कार्यक्रमको संयोजन वरिष्ठ उपाध्यक्ष रोशन श्रेष्ठले गर्नेछन् भने सांस्कृतिक संयोजन केन्द्रीय सदस्य के.वि. कौछा मगर र यातायात संयोजन केन्द्रीय सदस्य बेलबहादुर सारु मगरले सम्हाल्नेछन् । दम्मामबाट कार्यक्रम स्थलसम्मको यातायात सुविधा पनि उपलब्ध गराइने आयोजकले जनाएको छ ।

# बहुविवाह सम्बन्धी कानुनमा गलत अर्थ लाग्ने शब्द भए संशोधन गर्छौं कानुनमन्त्री

काठमाडौं- कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले बहुविवाहलाई प्रोत्साहन गर्नेगरी कानुन नल्याइएको बताएका छन् ।

नेपाल महिला संघले आइतबार मन्त्रालयमा बुझाएको ज्ञापन पत्र बुझ्दै मन्त्री चौरसियाले यस्तो बताएका हुन् ।

सञ्चारमाध्यममा सरकारले मुलुकी देवानी संहिता ऐन, २०७४ लाई संशोधन गरी केही निश्चित परिस्थितिमा बहुविवाहलाई कानुनी वैधता दिने प्रस्तावित कानुन ल्याएको भन्दै समाचार प्रकाशित भएका छन् ।

मन्त्री चौरसियाले बहुविवाहलाई प्रोत्साहन गर्ने गरी कानुन ल्याउन नलागेको स्पष्ट पार्दै आफ्ना पनि घरमा छोरीहरु रहेको बताए । महिलालाई गाह्रो हुनेगरी कानून नबनाउने पनि



प्रतिबद्धता जनाए ।

शब्दबाट कुनै गलत अर्थ लाग्ने रहेछ भने त्यो संशोधन गर्न सरकार तयार रहेको पनि उनले बताए ।

‘बहुविवाहलाई निस्तेज पार्नको लागि जसरी पुरुषलाई कारवाही गर्ने व्यवस्था छ, त्यसैगरी महिलालाई पनि कारबाही हुन्छ । बच्चाको अधिकारको कुरा हो ।

उसको कुनै गल्ती छैन, उसलाई किन सजाय दिने मन्त्री चौरसियाले प्रश्न गरे, ‘उसको हाडनाता कायम गर्ने की नगर्ने पुरुषले नै ढाँटेर गरेको छ भने त्यो महिलाको लागि क्षतिपूर्ति भराउने की नभराउने पर्याप्त क्षतिपूर्ति भराउने व्यवस्था संशोधनका लागि गएको छ ।

बहुविवाहलाई प्रोत्साहन गर्ने गरी होइन । हाम्रो घरमा छोरीबेटी छैनन् महिलालाई भोलि गाह्रो हुनेगरी कानुन लगिदिन्छौं र शब्दबाट कुनै गलत अर्थ लाग्ने रहेछ भने त्यो पनि हामी संशोधन गर्दछौं ।’

रकारले गलत सम्बन्धबाट गर्भ रही जन्मिएको सन्तानको अधिकार सुनिश्चित गर्नका लागि कानुन संशोधन गर्न लागेको कानुमन्त्री चौरसियाले बताए ।

# जनता आवास अन्तर्गतका भवन प्रयोगविहीन, राज्यको लगानी खेर

काठमाडौं- कर्णाली प्रदेशको विकट जिल्ला हुम्लामा निर्माण गरिएका जनता आवास अर्न्तगतका घरहरु प्रयोग विहीन बन्न पुगेका छन् ।

राज्यले लाखौं लगानी गरेर बनाएका घरहरुमा न्यून आयस्रोत भएका नागरिक नबसिदिँदा ती घरहरुमा सरकारले गरेको लगानी खेर गएको हो ।

हुम्लाका चार वटा स्थानमा यस्ता सरकारी लगानीका घर निर्माण गरिएका भए पनि ती घर प्रयोगविहीन बन्न पुगेका हुन ।

अदानचुली गाउँपालिका-२ को मकैमा जनता आवास कार्यक्रमको आर्थिक सहयो

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१७, अंक- ३,
२०८२ साल साउन २० गते मंगलबार
5 AUGUST 2025, TUESDAY

...dfG5]s ;h]klg sd{lno/ cfPsf]xbg . l ; hgf u/]dfq eÚo, ?k ;Gb/ xG5 . dfxg sfsl{

## सम्पादकीय

# अराजकता शैली कसैले प्रयोग नगरौं ।

यतिवेला नेपालका नेपालीहरूले धेरै समयपछि शान्तिको सास फेर्न पाएको पाएका छन् । झण्डै एकदशक २०५२ वाट शुरू भएको राजनीतिक द्वान्द्ध २०६३ आएर टुगिएको थियो । १० वर्षे लामो आन्तारिक द्वान्द्ववाट गुज्रेको नेपालले पछिल्लो दुई दशक शान्तिपुर्ण समाजमा रूपान्तरण भएको छ । यो समयमा नेपालीहरूले जिवन यापनमा उल्लेखिय प्रगति नगरेपनि मानवको नष्ट गर्ने, त्रास फैलाउने, त्रासमा बाच्नुपर्ने जस्ता काम बन्द भएका छन् । चन्दा आतङ, धाकधम्की, अपरण जस्ता घटनामा न्युनिकरण भएको छ । यो नेपाली समाजको लागि असल शासनको एउटा शुरूवात हो ।


यो शुरूवातवाट पछिल्लो पुस्ताले प्राप्त गरेको शिक्षा, समाजमा उसले पाएको सहजता र सालिनताले मानवीय चेतनामा असल कर्मको लागि प्रेरित गरेको छ । सुधार गर्नुपर्ने कामहरू धेरै नै बाँकी छन् । तर देशमा शान्ति मात्र हुदा पनि केही मानिसले राहात प्राप्त गर्दछन् । नेपालमा राजनीतिक द्वान्द्ध केही मात्रमा कम भएको छ । केही सुधार गर्नुपर्ने कुराहरूमा विमत्तिहरू छन् । ति बिमत्तिहरूमा राजनीतिक पार्टीहरूले सदनमा, वेला वेला सडकमा समेत विरोध गर्ने गरेका छन् । तर बिगतको जस्तो रेलिङ भाच्ने, इटाले प्रहरीलाई हान्ने, कसैको घर जलाउने, अङभङ पारिदिने, टायर बालेर वायुनै प्रदुषण बनाउने कार्यहरू पछिल्लो पुस्ताले गर्न छोडेका छन् । यसरी मानिसहरूको स्वभावमा परिवर्तन ल्याउनु आउनुमा देशमा विवेकशील मानिसहरूको विकास क्रम मानिन्छ ।

राष्ट्रले आफ्ना नागरिकलाई देशमा नै रोजगार दिन नसकेको एउटा नकरात्मक कुरा बिर्सने हो भने नेपालले पनि केही प्रगति गर्दै गएको भान दिन थालेको छ । यो प्रगतिले अन्य प्रगतिलाई जोड्न सक्छ । प्रगति बढाउनको लागि सवै नेपालीहरूको उत्तिक्कै दाईत्व, सयमता, धैर्यता अनिवार्य छ ।

कतै कतै पछिल्लो समय कुनियत राखेर सामाजिक सञ्जालमा प्रयोग गरिने शव्द, कतै कतै राजनीतिक अल्प ज्ञान भएका समूहहरूले पुनः नेपाललाई राजनीतिक द्धन्द्धमा लैजाने उदेश्य राखि अराजकता फैलाउने पऱ्यास गरिरहेका छन् । नेपाललाई द्धान्द्धमा फसाउदा अन्य हत्तियार बेच्ने कम्पनीहरूलाई फाइदा हुने र नेपाली जनतालाई सधै दासता बनाई राख्ने अदृष्य शक्तिहरूको चालमा हत्तियार उत्पादन गर्ने माफियाहरूले केही अल्पज्ञान भएका राजनीतिक गर्ने जस्ता देखिने काम केही गर्न नसक्ने अल्छि, गफ मात्र गर्न बानी परेकाहरूलाई अप्रत्यक्ष प्रयोग गरी नेपाली समाजलाई अराजकता मच्चाउन कोसिस गरिरहेका देखिन्छन । यस्ता कामहरू राजनीतिक ट्रेडिङ दिने नाममा केही झुण्डहरूले गरिरहेका छन् । यस्ता लक्ष्य विहिन, कुरौटे, भरौटे, बनेर बरालिएर हिड्दा कुनैपनि उपलब्धि हुने देखिदैन । जसले समाजलाई अराजकता मात्र निम्त्याउछ । त्यसकारण जुनसुकै अराजकता नेपालीहरूको लागि स्वीकार्य होइन । त्यसैले आम नागरिकहरूले अराजक गतिविधिमा लाग्नेहरूलाई कुनै पनि तरवरवाट साथ नदिईकन स्वनिर्भर हुने तर्फ अग्रसर हुनुपर्छ । जसले स्वाभिमानी नेपालीको परिचय दिन भुमिका निर्वाह गर्न सकिन्छ । काम गरे मात्र विकास हुन्छ भन्ने मूल मर्मलाई आत्मसाथ गर्न सक्नुपर्छ ।

# अन्त्य हुन नसकेको शैक्षिक आन्दोलन

कुनै पनि विद्यालय व्यवस्थापनको स्तर खस्किनुको जवादेहिता कसैले पनि लिने व्यवस्था अहिलेसम्मको संरचनामा छैन । जिम्मेवारबाट सबै सजिलै पन्छिन सक्छन् । सरकारले विद्यालय जिम्मेवार देखाउँछ, विद्यालय स्थानीय वातावरण देखाउँछन् । सञ्चालनको जिम्मा लिएका व्यवस्थापन समिति शिक्षकको जिम्मेवारी देखाउँछन् । जवाफदेहिता सजिलै एकले अर्कोमा पन्छाउन सक्नु पनि प्रमुख समस्याको रुपमा रहेको छ ।



● गौरीप्रसाद दवाडी

नेपालको परिप्रेक्ष्यमा शिक्षा नीति सधैँ नै विवादमा छ । राज्यसत्ता साक्षेप जनशक्ति उत्पादनमा सधैँ उदासीन छ । गुरुकुल शिक्षाबाट प्रारम्भ भएको हाम्रो राज्यलाई चाहिने शक्ति उत्पादनभन्दा पनि केही मानिसको कमाइ खाने जागिरमा सीमित छ । राज्यलाई कस्ता प्रकारका कति जनशक्ति चाइन्छ ? ती जनशक्ति कसरी उत्पादन गर्ने ? भन्ने बारेमा राज्य कहिल्यै पनि संवेदनशील भएको पाइँदैन ।

बजारमा उपलब्ध हुने जनशक्तिमा नै सरकार निर्भर छ । लाखौं खर्ची सरकार, अभिभावक र निजी क्षेत्र भएर उत्पादन गरेको जनशक्ति विदेशका लागि श्रमशक्ति भएका छन् । अलि उत्कृष्ट नतिजाका विद्यार्थीहरु विदेशी विश्वविद्यालयका विद्यार्थी तयारी गरिदिने स्रोतको रुपमा रहेको यथार्थ लाखौं युवा बाहिरिइरहेको आँकडाले देखाउँछ ।

भनिन्छ, आजका विद्यार्थी भोलिका देशका कर्णधार हुन् । विद्यालय तहदेखि नै गुणस्तरीय शिक्षा प्रदान गरेर भोलिको उच्च शिक्षामा पठाउन सके मात्र उच्च शिक्षाबाट स्तरीय विद्यार्थी उत्पादन हुन सक्छन् र भोलिको देश तिनैले हाँक्ने हुन् । त्यसका लागि आवश्यक जनशक्तिको निर्माणले देश विकासको आँकलन गर्न पर्ने हो, यो वैज्ञानिक आँकलन सरकारसँग छैन ।

अहिलेको परिवेशमा देशको विद्यालयको अवस्थाबारे चर्चा गर्नँपर्दा अहिलेको स्थितिबाट समस्या उल्झिएको होइन ।

विद्यालयमा रहेका यावत् समस्यालाई लिएर नेपाल शिक्षक महासंघको नेतृत्वमा गत चैत्रदेखि लामो शिक्षक आन्दोलन भयो । सरकार र महासंघबीचमा सहमति भएर आन्दोलन स्थगित भयो । यो आन्दोलनको क्रममा सामान्य नागरिकदेखि देशका प्रधानमन्त्रीसम्मका विचार र धारणा सार्वजनिक भए । जनताको धारणामा शिक्षकहरु नपढाई जागिर खाएर राजनीति गर्नेमा चित्रित भए भने देशका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि ५० प्रतिशत मात्र नतिजा ल्याउने, ठगेरै विद्यालय चलाउने आरोप शिक्षकहरुलाई लगाए । वास्तविक रुपमा विद्यालयका शिक्षक समस्यामा देशका कुनै वर्ग पनि नपुगेको यथार्थ आन्दोलनले देखायो । स्वयं शिक्षक पनि आफ्नो बचाउमा डटेर सामना गर्न सक्ने अवस्थामा देखिएनन् ।

शिक्षा क्षेत्रमा काम गरेको आफ्नो लामो अनुभव र प्रत्यक्ष/अप्रत्यक्ष अध्ययनको आधारमा विद्यालयहरुमा देखिएका समस्या यहाँ उजागर गर्ने पयत्न गरिएको छ ।नेपालको विद्यालय व्यवस्थापन पेचिलो रुपले उपस्थित भएको २०२८ सालबाट हो तर सरकारले कहिल्यै समस्या समाधानको उपाय सोचेन । समाधानको उपाय पहिचान गरी समाधान गर्ने कुरा त परै छ, देशकै प्रधानमन्त्री सबै दोष शिक्षककै देखेर ५० प्रतिशत पनि नतिजा ल्याउन नसकेका शिक्षकलाई किन सुविधा थप गर्ने भन्ने मन्तव्य दिनसमेत पछि परेनन् । विद्यालय शिक्षाको नतिजा सोचेअनुसार नभएको अवश्य हो तर जिम्मेवारी कसको हो ? यो विषयमा यथार्थ प्रस्तुत गरिएको छ । खोट लगाउने यस लेखको आशय भने होइन ।

अहिलेको अवस्थामा आइपुग्दा शहरी क्षेत्रका केही विद्यालयबाहेक अधिकांश विद्यालयमा विषय शिक्षक छैनन् । महत्वपूर्ण मानिएका जसतसले कामै चलाउन नसक्ने गणित, विज्ञान, अंग्रेजी विषयका शिक्षक छैनन् । विषय नै नपढेका शिक्षकबाट काम चलाउ पठनपाठन भएका छन् । सामाजिक शिक्षाको पठ्यक्रममा ६० प्रतिशतभन्दा बढी भूगोल विषयका पाठ्यसामग्री छन् तर ९० प्रतिशत विद्यालयमा भूगोल विषय पढेका शिक्षक छैनन् । सामाजिक शिक्षा पढेका शिक्षकले नेपाली भाषा पढाइरहेका छन् । भाषा पठनपाठन र सामाजिक शिक्षा पठनपाठनको विधि, तौरतरिका नै फरक छ । शिक्षक आपूर्ति व्यक्तिको इच्छामा भएका छन् । विद्यालयको आवश्यकताअनुसार शिक्षक पाइँदैनन् । कतिपय विद्यालयमा सञ्चालित कक्षाभन्दा शिक्षक कम छन् । जसका कारण कक्षाकोठा शिक्षकविहीन रहन्छन् । शिक्षक दरबन्दी आवश्यकताअनुसार पुगेका छैनन् । नपुग शिक्षक भर्ना गर्न आर्थिक, प्रशासनिक झमेलाले विद्यालयहरु असमर्थ छन् ।

सामुदायिक विद्यालयहरु सधैँ राजनीतिक अखडाको रुपमा रहेछन् । शिक्षकहरु पालिकाको निर्देशनमा चल्नुपर्ने हुन्छ । पालिकाले आफ्नो अनुकूलको व्यवस्थापन समिति बनाएका हुन्छन् । यदि शिक्षकहरु स्थानीय राजनीतिक प्रभावमा चलेनन् भने मानसिक तनावमा रहनुपर्ने हुन्छ । राजनीतिकर्मी र यिनका भातृ संस्थाका अखडाको रुपमा अधिकांश विद्यालय रहेका छन् । यस्ता विद्यालयले शैक्षिक गतिविधिभन्दा राजनीतिगत परिचालनमा समय खर्चनुपर्ने बाध्यता शिक्षकले व्यहोरिरहेका छन् । राजनीतिक विचारमा शिक्षकहरु समर्पणमा हुन्छन् या त्रसितमा रहन्छन् । पठनपाठनभन्दा जागिर जोगाउनु नै उनीहरूको प्रथम प्राथमिकतामा पर्छ । यसरी विद्यालय राजनीति प्रेरित हुनु स्तर खस्कनुको प्रमुख कारण हो ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति शिक्षाविद्, समाजसेवीभन्दा अन्य पक्षको बाहुल्यतामा बनेका हुन्छन् । स्थानीय जनप्रतिनिधि वा त्यस्तै राजनीतिक पार्टीका मानिसहरु रहनाले प्रधानाध्यापक, शिक्षकहरुले आफ्नो दक्षता, सीप, स्वतन्त्ररुपले विद्यालयमा लागू गर्ने अवसर पाएका हुँदैनन् । गैरशैक्षिक नेतृत्वले शिक्षालाई गुणात्मक तबरले अगाडि बढाउन उनीहरुमा प्राविधिक क्षमता हुँदैन । उनीहरु शिक्षा प्रशासन अनुकूल हुँदैनन् ।

कुनै पनि विद्यालय व्यवस्थापनको स्तर खस्किनुको जवादेहिता कसैले पनि लिने व्यवस्था अहिलेसम्मको संरचनामा छैन । जिम्मेवारबाट सबै सजिलै पन्छिन सक्छन् । सरकारले विद्यालय जिम्मेवार देखाउँछ, विद्यालय स्थानीय वातावरण देखाउँछन् । सञ्चालनको जिम्मा लिएका व्यवस्थापन समिति शिक्षकको जिम्मेवारी देखाउँछन् । जवाफदेहिता सजिलै एकले अर्कोमा पन्छाउन सक्नु पनि प्रमुख समस्याको रुपमा रहेको छ ।

राजनीतिक, प्रशासनिक, अन्य व्यक्तिगत कारणले शिक्षा ऐन नियमावली र परिपत्रअनुसार प्रधानाध्यापक, शिक्षक व्यवस्थापन हुन सकेको छैन । व्यवस्थापन समिति र स्थानीयको चासो विद्यालय सुधारमा नलाग्नु, सरकारले गरोस् भन्ने हो भने सरकारले स्थानीयलाई जिम्मा दिन खोजेको सैद्धान्तिक ज्ञानमा दुवै रुमलिएका छन् । स्थानीय जनता र शिक्षकहरु यन्य निजामतीजस्तै रहन खोजेका द्वन्द्वका सिकार विद्यालयहरु भइरहेका छन् । यो व्यवस्थापनको सहजीकरण गर्ने निकाय छैन । शिक्षकहरु पालिकामा निर्भर रहन चाहँदैनन् । जिल्ला शिक्षा कार्यालय संवैधानिक विवादमा छ । व्यवस्थापन समिति अन्योलमा नै अलमलिएका छन् ।

जिम्मेवारी बाँडफाँड र जवावदेहिता कोमाथि छ ? प्रस्ट हुन सकेको छैन । विद्यालय व्यवस्थापन समितिलाई नै जिम्मेवार बनाउने हो भने पालिका, जिल्ला, प्रदेशको हस्तक्षेपमुक्त हुनुपर्छ । प्रशासनिक दबाब विद्यालयहरुले व्यहोरिरहेका छन् । विद्यालयको जिम्मेवारी साझारुपमा रहनु भनेको जवाफदेहिता पनि सझेदारी नै भएकोले नकारात्मक पक्षमा सबै पन्छिन सक्ने अवस्था सृजना हुनु पनि गुणस्तरीय शिक्षाको पहुँचमा अवरोध हुनु हो ।

सामुदायिक विद्यालय गरिब, निमुखा, विपन्न, मजदुर आदिका बालबच्चाको जिम्मेवारी बोकेका विद्यालय हुन् । जसका अभिभावक, घर र वातावरण शिक्षाको प्रतिकूल छन् । शिक्षामा लगानी गर्न सामर्थ्य नभएका परिवार पढाउने र प्रवेश परीक्षा लिई छानेर विद्यार्थी भर्ना गरी राम्रो नतिजा निकाल्ने अवस्था छैन । हुनेखाने उच्च वर्गका विद्यार्थीको नतिजासँग हुँदा खानेको परिवार रहेका विद्यालयलाई दाँज्नु पनि त्रुटिपूर्ण मापदण्ड हो । सार्वजनिक विद्यालय र संस्थागत विद्यालय एउटै डालोमा नापेर सामुदायिकको नतिजा राम्रो भएन भन्नुअगाडि दुवै प्रकारका विद्यालयका व्यवस्थापन, भर्ना भएका विद्यार्थीको सामाजिक, आर्थिक जीवनस्तर र शैक्षिक वातावरणको पनि मापन जरुरी छ ।

निजी विद्यालयलाई जस्तो प्रवेश परीक्षा लिने र राम्रा विद्यार्थी मात्र भर्ना गरेर राम्रो नतिजा देखाउने अवसर सामुदायिक विद्यालयलाई छैन । निजीले छाडेका सबै बालबालिका सामुदायिकमा भर्ना हुन पुग्छन्, जसको नतिजामा प्रतिकूल असर पर्छ । सामुदायिक विद्यालयका राम्रा विद्यार्थी छात्रवृत्ति र अन्य प्रलोभन देखाएर निजी विद्यालयले तानिरहने समस्या पनि सामुदायिक विद्यालयले भोगिरहेका छन् । निजी विद्यालयले तह लाउन नसकेका, बिगारेका, बिग्रेका, अनुत्तीर्ण भएका सबै खाले विद्यार्थी भर्तीकेन्द्र सामुदायिक विद्यालय हो, जहाँ चाहेर पनि सुधार गर्न कठिन छ ।

शिक्षा सिकाइ क्रियाकलाप अत्यन्त प्रविधिक सीपयुक्त काम हो । यसमा समयसापेक्ष तालिम, सीप, ज्ञानको आवश्यक पर्छ । यस्ता प्राविधिक दक्षताको प्रबन्ध अति न्यून छ । शिक्षक उत्पादन यर्ने संस्था अर्थात् देशमा चलेका शिक्षाशास्त्र संकाय क्याम्पसहरु नाम मात्रका छन् । तिनका अवस्था दयनीय छन् । यी निकायले गुणस्तरीय शिक्षक उत्पादन गर्न सकेका छैनन्, जसका कारण गुणस्तर पनि कमजोर हुनु स्वाभाविक नै छ ।

विद्यालयमा सरकारी, गैरसरकारी विभिन्न संघसंस्थाका कार्यक्रम भएर पठनपाठनमा बाधा-अड्चन भइरहेको हुन्छ । राजनीतिक संगठन, शुभेच्छुक र तिनका भ्रातृ संस्थाहरुको प्रवेश र राजनीतिक गतिविधिले विद्यालय राजनीतिक क्षेत्र भएका छन्, जसका कारण शैक्षिकभन्दा सामाजिक, सरकारी, गैरसरकारी र राजनीतिक क्रियाकलापले विद्यालयहरु शैक्षिक गतिविधिमा अवरोध हुन्छन् ।

स्थानीय राजनीतिक आवरणमा राहत वा अन्य नाममा नियुक्ति भएका शिक्षकहरुको सेवा-सुविधा कम, स्थायित्वको समस्या, राष्ट्रिय-अन्तर्राष्ट्रिय विधि-विधानलाई आत्मसात् गर्न नसक्ने, यावत् समस्या दशकौंदेखि जकडिएका छन् । यावत् दोष शिक्षकमाथि थोपरेर शिक्षकलाई ठगी खाने व्यक्तिका रुपमा चित्रण गरिनाले शिक्षा पेसा अमर्यादित भएको छ । यसका कारण मनोबल गिरेका शिक्षकबाट प्रतिफल पनि नराम्रै हुनु स्वाभाविक नै छ ।

मूल्यांकन, दण्ड, पुरस्कारको व्यवस्थापन छैन । राजनीतिक प्रतिबद्धताको आधारमा शिक्षकको मूल्यांकन हुनुले शैक्षिक प्रतिबद्धताभन्दा राजनीतिक प्रतिबद्धताले दण्ड, पुरस्कारको व्यवस्था रहनु पनि गुणस्तर खस्किने मापदण्ड हो । शिक्षकले तलब भत्ता समयमा पाउँदैनन् । समयमा सञ्चय कोष दाखिला हुँदैन । सरकारीसरह तलब पाए पनि उनीहरुको सञ्चय कोषको रकम तुलनात्मकरुपमा निकै कम हुन्छ ।

शैक्षिक सामग्री, अन्य अतिरिक्त क्रियाकलापका लागि आर्थिक अभावमा सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थीहरु सधैँ प्रतिस्पर्धामा विचलित रहिरहेका हुन्छन् । यस्ता धेरै मनोवैज्ञानिक, सामाजिक, आर्थिक समस्या छन् । विद्यालयले भोग्नुपरेका समस्या, जसका कारण नतिजा खुम्चेका मात्र हैन, विद्यालय तह अनुत्तीर्ण भएका कारण उच्च शिक्षा र अन्य अध्ययन विमुख भएर बर्सेनि हजारौँ संख्यामा विद्यार्थीका जीवन बिग्रिरहेका छन् ।

यी वर्षौंदेखि थुप्रिएका समस्याहरु शिक्षा विधेयक पारित भई न्यून हुने आँकलन गर्न सकिएला । तर गहिरिएर रहेको परम्परागत संस्कार सबै पक्षबाट नमेटिएसम्म यावत् समस्या समाधान समयको पर्खाइमा रहनेछ ।

(लेखक पूर्व-प्राध्यापक एवं काठमाडौं शिक्षा क्याम्पसका सञ्चालक सदस्य हुनुहुन्छ ।)

आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# एमआरपी राख्न व्यवसायीको आनाकानी




ललितपुर- सरकारले लागू गरेको प्रत्येक वस्तुमा अधिकतम् खुद्र बिक्री मूल्य (एमआरपी) राख्नुपर्ने प्रावधानलाई पालना गर्न व्यवसायीहरुले आलटाल गर्दै आएका छन् ।

उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ६ उपदफा (२) खण्ड (ञ) मा उत्पादकले वस्तुमा लाग्ने सबै प्रकारको कर समावेश गरी हुन अधितम खुद्रा बिक्री मूल्य (एमआरपी) लगाउनुपर्ने व्यवस्था रहेको छ। कुनै वस्तु वा सेवाको उपभोक्ताबाट खुद्रास्तरमा असुल्न सकिने अधिकतम मूल्य हो। जसमा पैठारीकर्ताले कानुन बमोजिम बुझाएको भन्सार, तहगत नाफा, ढुवानी खर्च, प्रशासनिक खर्च सबै प्रकारको कर समावेश हुन्छ ।

आर्थिक वर्ष २०८२ ।८३ लागू गर्न लागिएको सो प्रावधानको विषयमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत चैत १४ गतेदेखि सार्वजनिक सूचना, छलफल अन्तरक्रिया गर्दै आएको छ । विभागका बजार अधिकृत अमित झाका अनुसार डण्डी, सिमेन्ट, विद्युतीय सामग्री, कस्मेटिक, खाद्यान्न, लत्ता कपडा,फर्निचर, घडी लगायत वस्तुमा एमआरपी कार्यान्वयन भइसकेको छ ।

तर अझै पनि विशेषगरी साना तथा मझौला व्यवसायीहरुले कारोबार नभएको, स्टकको सामानको नसकिएको भन्दै त्यसलाई पालना गर्न आलटाल गर्दै आएको छ । विभागका बजार अधिकृत अमित झाले भन्नुभयो-'एमआरपी भनेको उत्पादनकर्ता र आयातकर्ताले लगाउने हो । यो कुरो नबुझिकन व्यवसायीहरुले विरोध गर्दै आएका छन् ।' उहाँले भन्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्यले एमआरपी, तथा अनुगमन समन्वय नहुँदा साना तथा मझौला व्यवसायीहरु विस्थापित हुने खतरामा रहेको बताउनुभयो ।सरकारले अर्बौ राजस्व तिर्ने व्यवसायीहरु हित र उत्थानका लागि सरकार गम्भीर नभएको पनि महासंघका वरिष्ठ उपाध्यक्ष वैद्यको गुनासो रहेको छ ।

महानिर्देशक कुमारप्रसाद दाहालले ७० प्रतिशत बजार अनौपचारिक तवरमा चलिरहेको उल्लेख गर्दै त्यसलाई लुकाउन व्यवसायीले नीतिको विरोध गर्ने गरेको बताउनुभयो । अधिकत्तम खुद्रा मूल्य लागू गर्ने भनेको उत्पादनकर्ता र आयातकर्ताले हो ।तर पनि व्यवसायीहरुले यो लागू गर्न नसक्ने भनिरहेको छ ।यसले गर्दा केही कुरामा शंका गर्नपर्ने हुन्छ । वास्तवमा भन्ने हो भने नेपालको बजारको बढीभन्दा बढी हिस्सा झन्डै ७० प्रतिशत अनौपचारिक तवरमा चलिरहेको छ ।यो कुरा लुकाउन व्यवसायीहरुले सधै नीतिको विरोध गरिरहेको छ ।' उहाँले भन्नुभयो ।

व्यवसायीहरुले एमआरपी लागू गर्न विभिन्न समस्या तेर्स्याएकोमा प्रतिप्रश्न गर्दै महानिर्देशक दाहालले भन्नुभयो-' एमआरपी लागू गर्न कहाँनिर अप्ठ्यारो भयो त? एमआरपीसंग किन डराइरहेको हो ?' व्यवसायीहरुले सधै अनुगमनको विरोध गर्दै आएको उल्लेख गर्दै उहाँले भन्नुभयो-'के अनुगमन धेरै हुँदा बजार सप्रिएको हो त ?' व्यवसायीहरुले आफूले कमाएर अनुसार कर तिर्न नचाहेकोले अनेक बखेडा झिकिरहेको उहाँको तर्क रहेको छ ।

राष्ट्रिय उपभोक्ता मञ्चका केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जनले व्यवसायीहरु नीति नियमको पालना गर्न सधै उदासिन रहेको उल्लेख गर्दै भन्नुभयो ' व्यवसायीहरु नितान्त आफ्नो नाफाको लागि व्यापार गर्छन् ।त्यसक्रममा उनीहरु नियम, कानुन केही पनि हेर्दैनन् र जान्न पनि चाहँदैनन् । तिनै व्यवसायीहरु जब कानुनको फन्डामा पर्छन् तब दशथरि कुरा गर्ने गर्छन् ।स्वार्थको लागि जे पनि गर्न तयार हुन्छन् ।'

ऐन, नियम पालना गर्नको साटो पालना गर्न नचाहने प्रवृतिकै कारण व्यवसायीहरु सरकारलाई दबाब दिएर, आरोप लगाएर त्यसबाट उन्मुक्ति चाहने गरेको गरेको पनि अध्यक्ष महर्जनको भनाई रहेको छ । उहाँले भन्नुभयो-' कानुन पालना गरी व्यवसाय गर्ने भन्ने कुरो नबुझेपछि कानुनी समस्या आउ"दा जे पनि गर्न तयार हुने गर्छन् । यसले गर्दा विभिन्न समस्या निम्तिएको हो ।'

व्यवसायीहरुले कानुन पालना गरेर व्यवसाय गरेमा एमआरपी वा अनुगमनबाट डराउनुपर्दैन भनेर बुझ्नु जरुरी बताउ"दै अध्यक्ष महर्जनले भन्नुभयो-'अनुगमन गर्दा व्यवसायीहरु अनुचित क्रियाकलापमा संलग्न रहेको पाइएको छ ।यसले गर्दा अनुगमनलाई लिएर बखेडा झिक्ने गर्छन् ।वास्तवमा स्वच्छ भएर व्यवसाय गर्ने हो भने कुनै पनि समस्या छैन भनेर बुझ्नु जरुरी रहेको छ ।' अर्कोतर्फ कानुन निर्माण गर्दा सरोकारवाला पक्षसंग पर्याप्त छलफल नहुने कारणले पनि कानुनको कार्यान्वयनमा समस्या आउने गरेको पनि अध्यक्ष महर्जनको कथन रहेको छ ।

सो अवसरमा ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष विश्वराज बज्राचार्यले ऐन, नियमको विषयमा जानकारी नभएका कारण व्यवसायीहरु डराइरहेको बताउँदै भन्नुभयो-' कानुनको पालना गर्ने हो भनेर व्यवसायीले निर्धक भएर व्यवसाय गर्न सक्छ ।' ललितपुर उद्योग वाणिज्य संघको वाणिज्य तथा आपूर्ति समितिले आयोजना गरेको व्यवसायसंग सम्बन्धित नीति नियमबारे अन्तरक्रिया कार्यक्रममा अध्यक्ष बज्राचार्यले व्यवसायी सम्बन्धी ऐन, कानुनका विषयमा मात्र व्यवसायीहरु सचेत भएर मात्र नपुग्ने तथा कानुन निर्माणको पक्रियामा पनि थप सचेतनाको खाँचो औंल्याउनुभयो ।

# १५ लाख भूमिहीनलाई पुर्जा उपलब्ध गराउने सरकारको तयारी

काठमाडौं- मन्त्री बलराम अधिकारीले १५ लाख भूमिहीन, दलित सुकुम्बासीलाई पुर्जा दिने तयारी रहेको बताए ।

प्रतिनिधिसभाको बैठकमा भूमि सम्बन्धी विधेयकबारे छलफल भएको थियो, जसमा विवरणबारे जानकारी दिइयोअहिलेसम्म ९९ हजारभन्दा बढी दलित र लाखौं सुकुम्बासीको विवरण संकलन भइसकेको छ । काठमाडौं ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले करिब १५ लाख भूमिहीन, दलित सुकुम्वासीलाई पुर्जा उपलब्ध गराउने सरकारको तयारी रहेको बताएका छन् ।



सिंहदरबारमा आइतबार बसेको प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२ का सम्बन्धमा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित, अव्यवस्थित बसोबासीको विवरणबारे छलफलमा मन्त्री अधिकारी सो जानकारी दिएका हुन् ।

हालसम्म ९९ हजार १ सय ८६ भूमिहीन दलित, १ लाख ६८ हजार १ सय ५ भूमिहीन सुकुम्बासी र ८ लाख ७५ हजार ४ सय १० अव्यवस्थित बसोबासीको विवरण संकलन गरिएको मन्त्री अधिकारीले बताए ।

उनले अझै पनि २ सय ८ पालीकाले विवरण सङ्कलनको काम सम्पन्न गर्न नसकेकाले करिब भूमिहीन सुकुम्बासी, भूमिहीन दलित, अव्यवस्थित बसोबासीको संख्या करिब १५ लाख पुग्न सक्ने अनुमान गरिएको धारणा राखे ।

भूमिहीन सुकुम्बासी र दलितको हकमा अहिले बसेको स्थानमा नै त्यही ठाउँमा जग्गा दिने व्यवस्था गरिएको उनले बताए ।

मन्त्री अधिकारीले कुनै भ्रम नरहने गरी विधेयकलाई अघि बढाउन समिति समक्ष आग्रह गरे ।

# प्रसूति गृहमा ओपीडी टिकट नि:शुल्क, एचआइभी परीक्षणमा ५० प्रतिशत छुट

काठमाडौं- परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले महिला स्वास्थ्यसम्बन्धी सेवाहरूमा छुट सेवा प्रदान गर्ने भएको छ। अस्पतालको ६६ औँ वार्षिकोत्सवको अवसरमा छुट सेवा प्रदान गरिने भएको हो ।

१९ गते देखि नि:शुल्क ओपीडी टिकट र एचआइभी डीएनए परीक्षणमा ५० प्रतिशत छुट दिने घोषणा गरिएको अस्पतालका निर्देशक डाक्टर श्रीप्रसाद अधिकारीले बताए ।

वार्षिकोत्सवको उपलक्ष्यमा कुपण्डोलस्थित नयाँ ओपीडी भवनबाट सञ्चालन गरिएको स्वास्थ्य शिविरमा स्त्रीरोग (गाइनोकोलोजी) सम्बन्धी सेवा लिन आउने बिरामीहरूलाई कुनै पनि शुल्क नलाग्ने उनले बताए ।

यस्तै, महिलामा पाठेघरको मुखको क्यान्सरको जोखिम पत्ता लगाउन गरिने परीक्षण एचआइभी डीएनए परीक्षणमा पनि ५० प्रतिशत छुटको व्यवस्था गरिएको उनले बताए ।

## रामेछाप डायरी



# रामेछापमा 'मोडल अफ सिजन-६' र 'लिटल मोडल सिजन-५' हुँदै




रामेछापमा 'मोडल अफ रामेछाप' सिजन-६ र 'लिटल मोडल अफ रामेछाप' सिजन-५ सञ्चालन हुने भएको छ । यसका लागी तयारी तिव्र रुपमा भैरहेको आयोजक किङस्टार क्रिएशन प्रालिले शनिवार मन्थलीमा पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी दिएको हो ।

कार्यक्रमका लागि श्रावण १६ गतेदेखि आवेदन खुला भइसकेको छ । अडिसन श्रावण २३ गते, प्रशिक्षण सत्र श्रावण २४ गतेदेखि भदौ २० गतेसम्म चल्नेछ भने फिनाले सो भदौ २५ गते हुने बताइएको छ ।

मोडल अफ रामेछाप र लिटल मोडल अफ रामेछापमा १४ देखि २४ वर्ष उमेर समूहका युवा सहभागी हुन सक्ने किङस्टार क्रिएशन प्रालिका व्यवस्थापक सुमन खड्काले जानकारी दिनुभयो । कार्यक्रम सञ्चालनका लागि ३ लाख ७० हजार रुपैयाँ खर्च हुने र ३ लाख ८० हजार रुपैयाँ आम्दानी हुने अनुमान गरिएको उहाँको भनाई छ ।

गत वर्षहरुमा पनि मोडल अफ रामेछाप र लिटल मोडल अफ रामेछाप संचालन हुँदै आएको छ । प्रतिभा पहिचान, आत्मविश्वास, प्रस्तुति क्षमता र नेतृत्व विकासका साथै बालबालिका र किशोर किशोरीमा व्यक्तित्व विकासको वातावरण सिर्जना गर्न यो कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको व्यवस्थापक खड्काले बताउनुभयो ।

# बालमैत्री स्थानीय शासन घोषणाको लागी प्रदेश स्तरीय अनुगमन समितिसँग अन्तरक्रिया



रामेछापको रामेछाप नगरपालिका बालमैत्री स्थानीय शासन घोषणाको अन्तिम चरणमा छ । ९ वटै बवडाहरु एकै साथ यहि जेठ २७ गते बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भैसकेका छन । वडा घोषणाको भोली पल्ट बाग्मती प्रदेशमा सबै प्रतिवेदन पठाइएको भएपनि शनिबार प्रदेश स्तरीय समितिले अनुगमन गरेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अधिकृत असिम घिसिङ्ग,प्रदेश नीति तथा योजना आयोगका अधिकृत अच्युत प्रसाद उपाध्याय,एनसिएफएलजीका अध्यक्ष अशोक खनाल सहितको टिमले केही वडा र विद्यालयहरुको अनुगमन गरेको हो । अनुगमनसँगै सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो । अन्तरक्रिया कार्यक्रममा नगरपालिकाका महिला विकास निरिक्षक सरिता बुढाथोकीले बालमैत्री स्थानीय शासन घोषणाका लागी हालसम्म भएको कामहरुको बारेमा जानकारी गराउनुभयो । नगरपालिकाले २०७८ फागुन महिनादेखी बालमैत्रीको काम सुरुवात गरेको थियो ।

पत्रकार महासंघ रामेछापका अध्यक्ष दिपक कुमार घिमिरेले घोषणा पश्चात दिगोपनाको लागी समस्या रहेको बताउनुभयो । स्थानिय तहमा कम श्रोत र साधन भएका कारण दिगोपनामा समस्या रहेको र यसका लागी संघ र प्रदेशले सहयोग गर्नपर्ने उहाँको भनाई थियो । संघ र प्रदेशको सहयोग बिना यसलाई निरन्तरता दिन समस्या रहेको उहाँले बताउनुभयो । प्रदेशले घोषणापछिको दिगोपनाको लागी हरेक वर्ष छुट्टै बजेट विनियोजन गर्नपर्ने उहाँको सुझाव छ ।

रामेछाप नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत होम बहादुर थापाले बालमैत्री स्थानीय शासन कार्यक्रम सुरु भएदेखी हालसम्म २७ जना विद्यालय छाडेका बालबालिकालाई विद्यालयसम्म पुर्याइएको बताउनुभयो । अनिवार्य तथा निशुल्क शिक्षा घोषणा,पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा जस्ता धेरै कार्यहरु भैसकेको भन्दै उहाँले अब नगर घोषणा पश्चात दिगोपनामा सबै लाग्नुपर्ने बताउनुभयो ।

प्रदेश स्तरीय अनुगमन समितिले विभिन्न सुझावहरु दिएको र ति सुझावहरु सुधार गरे पश्चात मात्रै नगर घोषणाको तयारीमा जुट्ने उपप्रमुख बाल कुमारी कार्कीले बताउनुभयो । बालमैत्री कार्यक्रम सुरुभएदेखी बालबालिकामा नेतृत्व विकास,क्षमता विकास,उद्घोषण कलामा विकास लगायत धेरै देखिने खालका परिवर्तनहरु आएको बताउनुभयो । प्राथमिकता अनुसार कतिपय बालमैत्री संरचनाहरु निर्माण भैसकेको,कतिपय निर्माणको चरणमा रहेको र कतिपय निर्माण गर्नपर्नेलाई सोही अनुसार राखेर कामहरु गरिएको उहाँले बताउनुभयो । तिनै तहको सरकारको साथ र सहयोगले मात्रै यस्ता कार्यक्रमहरुलाई दिगोपना दिन सकिने उहाँले बताउनुभयो ।

जिल्लाकै मन्थली नगरपालिका पनि बालमैत्री स्थानीय शासन घोषणाको अन्तिम चरणमा छ । प्रदेश स्तरीय अनुगमन समितिले शुक्रबार मन्थली नगरपालिकामा पनि अनुगमन गरिसकेको छ । जिल्लाका दुई नगरपालिका बालमैत्री घोषणाको अन्तिम तयारीमा जुटेका छन ।

# देश भर ८४ प्रतिशत धान रोपाइँ




काठमाडौं- कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार साउन १८ गतेसम्म देशभर ८३.८८ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। अघिल्लो वर्ष सोही अवधिसम्म ९६.४७ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो ।

मन्त्रालयका अनुसार मनसुन चाँडै सुरु भए पनि समयमा वर्षा नहुनाले अधिकांश प्रदेशमा रोपाइँ सुस्त भएको हो । कुल १३ लाख ७८ हजार ९६६ हेक्टर रोपाइँयोग्य क्षेत्रफलमध्ये हालसम्म ११ लाख ५६ हजार ६८८ हेक्टरमा रोपाइँ सकिएको छ ।

प्रदेशगत विवरण अनुसार सुदूरपश्चिममा सबैभन्दा धेरै ९९.७२ प्रतिशत रोपाइँ भएको छ भने मधेस प्रदेशमा सबैभन्दा कम ५७.२८ प्रतिशत मात्रै सम्पन्न भएको छ। कर्णालीमा ९६.४७, लुम्बिनीमा ९५.९६, वाग्मतीमा ९२.९२, गण्डकीमा ८८.९७ र कोसी प्रदेशमा ८९.०३ प्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

सरकारले समयमै वर्षा नहुँदा रोपाइँ प्रभावित भएको बताउँदै आगामी दिनमा उपयुक्त कृषि नीतिका माध्यमबाट असर कम गर्ने तयारी गरिरहेको जनाएको छ ।

# महालक्ष्मी विकास बैंक र एच.डी.एफ.सी बैंक बीच बैकिङ्ग सेवा विस्तारको लागि समझदारी




काठमाडौं- महालक्ष्मी विकास बैंक र एच.डी.एफ.सी बैंक बीच बैकिङ्ग सेवा विस्तारको लागि समझदारी ।

महालक्ष्मी विकास बैंक र भारतको अग्रणी वित्तीय संस्था एच.डी.एफ.सी बैंकबीच सीमा-पार वित्तीय सेवाहरुलाई प्रवर्द्धन गर्न तथा भारतबाट नेपालमा भुक्तानी सम्बन्धी कार्य गर्न समझदारी भएको छ । समझदारी अन्तर्गत महालक्ष्मी विकास बैंकले ग्राहकहरुले भारतबाट नेपालमा भुक्तानी गर्न मिल्ने प्रणाली सञ्चालनमा ल्याएको हो । यसरी भारतबाट नेपालमा भुक्तानी प्रणाली सञ्चालन गर्ने महालक्ष्मी विकास बैंक पहिलो विकास बैंक बनेको छ दुवै बैंकले सम्पुर्ण प्रक्रियागत कार्य गरी परिक्षण कारोबार समेत गरिसकेका छन ।

यस अन्तर्गत महालक्ष्मी विकास बैंककोएच.डी.एफ.सी बैंकले प्रयोग गर्दै आइरहेको अत्याधुनिक क्यास म्यानेजमेन्ट सेवा अन्तर्गत सि.एम.एस चेक कलेक्सन र इलेक्ट्रोनिक क्यास म्यानेजमेन्ट सेवामा पहुँच प्राप्त हुनेछ जसले गर्दा कुनै पनि व्यक्ति वा संस्थाले भारतबाट विभिन्न इलेक्ट्रोनिक माध्यमहरु जस्तै नेशनल इलेक्ट्रोनिक फण्ड ट्रान्सफर रियल टाईम ग्रस सेटलमेन्ट र फण्ड ट्रान्सफर को प्रयोग गरी भारतको एच.डी.एफ.सी बैंक मार्फत नेपालमा रहेको महालक्ष्मी विकास बैंकको खातामा सिधै रकम जम्मा गर्न सक्नेछन् ।

साथै भारतमा रहेका अन्य बैंकहरुको चेक जम्मा गरेर समेत नेपाल पैसा पठाउन सकिनेछ एच.डी.एफ.सी बैंकसँगको सम्झौता सँगै नेपाल र भारतबीचको बैंकिङ्ग सम्बन्धलाई थप मजबुत बनाउन तथा सीमा-पार व्यापार र रेमिटयान्समा संलग्न ग्राहकहरुलाई सहज, प्रभावकारी र प्रविधिमैत्री वित्तीय सेवा प्रदान गर्न सहज हुने विश्वास बैंकले लिएको छ । साथै यो प्रणालीको प्रयोग सँगै बैंकले ग्राहकहरुलाई गरेको डिजिटल नवप्रवर्तन र सेवा विस्तारको प्रतिबद्धतामा समेत सहयोग पुग्नेछ । हालै मात्र बैंकले आफ्नो मोबाइल बैकिङ्ग एप "महालक्ष्मी स्मार्ट साथी" मा भर्चुअल क्रेडिट कार्डको सुविधा थप गरेको छ ।

सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र ८ लाख ग्राहकहरु रहेका छन् ।

# प्रिज्मा एड्भर्टाइजिङले सिंगापुरमा जित्यो ब्रान्डलरेट बेस्ट ब्रान्ड अवार्ड

काठमाडौं- प्रिज्मा एड्भर्टाइजिङले बेस्ट ब्रान्डस् अवार्ड २०२५ जितेको छ । प्रिज्माले ब्रान्ड इन्फ्लुएन्सर क्रिएटिभ एन्ड ब्रान्डिङ सोलुसन श्रेणीमा सम्मान प्राप्त गरेको हो ।

अन्तर्राष्ट्रिय स्तरको मनोनयनबाट प्रतिस्पर्धात्मक रूपमा प्रिज्माले अवार्ड पाएको हो । अवार्डबाट सम्मानित हुने प्रिज्मा पहिलो नेपाली कम्पनी हो ।

सिंगापुरमा ३१ जुलाईमा आयोजित समारोहमा प्रिज्माका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रञ्जित आचार्य र महाप्रबन्धक शरद शाहीले सम्मान ग्रहण गरे ।

अवार्ड ग्रहण कार्यक्रममा प्रिज्माका प्रमुख कार्यकारी अधिकृत आचार्यले भने, 'ब्रान्डलरेट बेस्ट ब्रान्ड्स अवार्ड हाम्रो टिमको निरन्तर मेहनत, सिर्जनात्मक सोच र नेपाली ब्रान्डलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने हाम्रो अठोटको प्रमाण हो । हामी विश्वास गर्छौं कि प्रामाणिकता र साहसमा आधारित विचारहरूले हरेक सीमालाई पार गर्न सक्छन् । यो सम्मानले हामीलाई अझ ठूलो सम्भावनाको खोजी गर्न र हाम्रा दृष्टिकोणहरूलाई विस्तार गर्न थप प्रेरणा मिलेको छ ।'

विश्व ब्रान्डस् फाउन्डेसनले ब्रान्डलरेट अवार्डले विश्वका सबैभन्दा प्रतिष्ठित, प्रभावशाली ब्रान्डहरूलाई सम्मानित गर्ने गर्छ।विगतमा कोकाकोला, नेस्ले, युनिलिभर, सामसङ इलेकट्रोनिक्स, टोयोटा, आइबीएमजस्ता




कम्पनीले अवार्ड पाइसकेका छन् ।

विश्वस्तरका उत्कृष्ट ब्रान्डमा समावेश हुन पाउनु खुसीको विषय भएको कम्पनीका महाप्रबन्धक शाहीले बताए । 'विश्व स्तरका उत्कृष्ट ब्रान्डहरूबीच उभिन पाउनु हाम्रो लागि र नेपालका लागि गर्वको क्षण हो', शाहीले भने ।

प्रिज्मा सन् १९९१ मा स्थापित एजेन्सी हो । ब्रान्डिङ, डिजाइन, डिजिटल मार्केटिङलगायतका क्षेत्रमा कम्पनीले काम गर्दै आएको छ ।

# आइएमई मोटर्सलाई अशोक लेल्यान्ड ग्लोबल कन्फ्रेन्स २०२५ मा'वेस्ट सर्भिस प्रोभाइडर अवार्ड' बाट सम्मान

काठमाडौं- आइएमई मोटर्सलाई अशोक लेल्यान्ड ग्लोबल कन्फ्रेन्स २०२५ मा इन्टरनेशनल अपरेसन क्याटेगोरी अन्तर्गत 'वेस्ट सर्भिस प्रोभाइडर अवार्ड' बाट सम्मानित गरिएको छ ।

आइएमई मोटर्स र अशोक लेल्यान्डले सफल साझेदारीको एक दशक पूरा गरिरहँदा प्राप्त यो सम्मानले दुई बिचको सहकार्यमा थप ऊर्जा भरेको छ ।




उक्त अवार्डले साझा दृष्टिकोण, पारस्परिक विकास, र उत्कृष्ट सेवा प्रवाहप्रतिको निरन्तर प्रयासले भरिएको आईएमई मोटर्सको दस वर्षे यात्रालाई अझ विशेष र अर्थपूर्ण बनाएको छ ।

यो पुरस्कारले ग्राहक सन्तुष्टि, प्राविधिक दक्षता, र अन्तर्राष्ट्रिय स्तरको सेवा मापदण्डमा आइएमई मोटर्सले पुराएको उत्कृष्ट योगदानलाई उच्च सम्मान प्रदान गरेको हो ।

आइएमई मोटर्सका सर्भिस प्रमुख मित्र कुमार श्रेष्ठले यो पुरस्कार हाम्रा प्रत्येक टेक्निसियन र सर्भिस टिम सदस्यहरूको निरन्तर समर्पणको प्रतिफल रहेको बताए । हामी भविष्यमा पनि उत्कृष्ट सेवा प्रदान गर्न निरन्तर प्रतिबद्ध रहने पनि सर्भिस प्रमुख श्रेष्ठले उल्लेख गरे ।

आइएमई मोटर्सका कार्यकारी निर्देशक निशान ढकालले यो अवार्डबाट सम्मानित हुदाँ आइएमई मोटर्सको उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धतामा थप टेवा पुगेको बताएका छन् ।

हामीलाई निरन्तर सुधार र अन्तर्राष्ट्रिय मापदण्डअनुसार सेवा प्रवाह गर्न यो अवार्डले थप उत्साह थपेको कार्यकारी निर्देशक ढकालले उल्लेख गरे ।

अशोक लेल्यान्ड नेपालका सर्भिस म्यानेजर अनुप कुमार स्वाईनले अशोक लेल्यान्ड सँगको साझेदारीको १० वर्षको सफल यात्रा मनाउँदै गर्दा प्राप्त यो सम्मानले सहकार्यको मजबूत र उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने साझा प्रतिबद्धतालाई झल्काएको बताए ।

अशोक लेल्यान्ड ग्लोबल कन्फ्रेन्स हरेक वर्ष आयोजना हुने एक अन्तर्राष्ट्रिय सम्मेलन हो, जसमा नवप्रवर्तन, सञ्चालन दक्षता, र समग्र योगदानको आधारमा विश्वभरका साझेदारहरूलाई सम्मान गरिन्छ ।

यो सम्मान आइएमई मोटर्सको मात्र नभई सम्पूर्ण नेपाली अटो क्षेत्रका लागि पनि गौरवको विषय हो ।

# एकै वर्ष दुई होटल खोलेको आइएमई समूहले लियो पौवाको व्यवस्थापन, अब इला कम्फर्टको नाममा चल्ने

काठमाडौं- आइएमई समूह बैंक तथा वित्तीय संस्थासँगै हस्पिटालिटी क्षेत्रमा आक्रामक लगानी विस्तारमा लागेको छ ।

समूहले सातै प्रदेशमा होटल खोल्ने योजनासहित एकै वर्ष बागलुङ र गैडाकोटमा होटल संचालनमा ल्याएको छ । समूहले होटल व्यवस्थापनमा पनि हात हालेको छ । समूह अन्तर्गत रहेको इला कम्फर्ट कम्पनीले नवलपुरको गैडाकोट-१२, हर्कपुरमा रहेको पौवा होटलको व्यवस्थापन सम्हालेको छ ।

अब यो होटल इला कम्फर्टको रुपमा संचालनमा आएको छ । इला कम्फर्टका अध्यक्ष सचिन ढकालले होटल व्यवस्थापनको औपचारिक व्यवसाय सुरु भएको जानकारी दिए । 'पौवा होटलको व्यवस्थापन साउन १ गतेदेखि हामीले सम्हालेका छौं । अब यो होटल इला कम्फर्टमा परिवर्तन भएको छ,' उनले बिजमाण्डूसँग भने, 'हस्पिटालिटीमा यो नयाँ एभेन्यू हो ।'

समूहले बाग्लुङमा ३० करोड लगानीमा इला कम्फर्ट संचालनमा ल्याएको थियो । तीन तारे मान्यता पाएको सो होटलमा ३० वटा कोठा रहेका छन् । यही समूहले गैडाकोटको मौलाकालिकामा ६५ वटा रुमको इला होटल




तथा रिसोर्ट संचालनमा आइसकेको छ । ढकालले बाग्लुङ र मौलाकालिकामा रहेको होटल लक्जरी भएको बताउँदै पौवा भने बजेट होटल भएको जानकारी दिए ।

'हाम्रो लगानीमा रहेका होटल लक्जरी हो । मौलाकालिकाको पोपर्टीनै उच्चस्तरको छ,' उनले भने, ' नवलपुरको बजेट होटल हो । यसमा उच्चस्तरकै सेवा सुविधा छन् । तर रुमरेट केही रिजनेवल छ ।' इला कम्फर्ट नवलपुरमा ३५ वटा कोठा, रेष्टुरेन्ट, ब्यांकेट हल र वाटरपार्क रहेको छ ।

# बिमल साहले खोले सिनामंगलमा "बिमल साह" हार्मोनियम शोरुम



काठमाडौं- नेपाली गीत संगीत क्षेत्रमा अद्वितीय सीप र समर्पणमार्फत परिचित बिमल साहले राजधानीको सिनामंगल चोकमा "बिमल साह" हार्मोनियम शो-रुम संचालनमा ल्याएका छन् ।

विश्वविख्यात गजल सम्राट गुलाम अली जस्ता कलाकारको हार्मोनियम ट्युन गर्ने अनुभव बोकेका साहले अब आफ्नै ब्राण्ड अन्तर्गत हार्मोनियमको बिक्री, मर्मत र निर्माण सुरु गरेका हुन् ।

सर्लाहीबाट काठमाडौं आएका साहले सामान्य हार्मोनियम मर्मतको कामबाट आफ्नो यात्रा सुरु गरेका थिए । समयसँगै सिप र अनुभवको संगालो बनेका उनी अहिले हार्मोनियम निर्माणमै अब्बल नाम बनाइसकेका छन् । आज उनका हातबाट बनेका हार्मोनियमहरू नेपालभरिका कलाकारहरूले प्रयोग गर्छन् भने उनले डिजाइन गरेका हार्मोनियम विदेशमा निर्यात हुन्छन् ।

'बिमल साह हार्मोनियम शो-रुम'मा नयाँ हार्मोनियमका साथै पुराना हार्मोनियमहरूको मर्मत सेवा पनि उपलब्ध छ । ग्राहकको आवश्यकताअनुसार विशेष टिउनिङ, कस्टम डिजाइन र गुणस्तरीय ध्वनि सुनिश्चित गरिने साहको दाबी छ ।

बिमल साहको सिपप्रति श्रद्धा यसमा प्रकट हुन्छ कि उनले गजल सम्राट गुलाम अलीको हार्मोनियममा सुर भरेका छन् । यस्तो व्यक्तित्वबाट नेपाली संगीत क्षेत्र लाभान्वित हुनु गौरवको विषय हो । संगीतप्रेमी र कलाकारहरूको लागि यो शो-रुम एक सुनौलो अवसर हो – जहाँ सुर, सृजना र सिपको संगम भेटिन्छ ।

# ज्योति विकास बैंकद्वारा Interbank Teller QR भुक्तानी सेवा सञ्चालन

काठमाडौं- ज्योति विकास बैंक लिमिटेडले १७ औं वार्षिकोत्सवको अवसरमा डिजिटल सेवा प्रवर्द्धन र ग्राहक मैत्री सेवा प्रदान गर्ने प्रतिवद्धतालाई निरन्तरता दिंदै Interbank Teller QR Payment सेवा संचालनमा ल्याएको छ ।

यस डिजिटल सेवाको माध्यमबाट अब ज्योति विकास बैंकमा खाता नभएका नागरिकहरुले पनि आफ्नो सम्बन्धित बैंकको मोबाइल बैंकिङ्ग एपको प्रयोगबाट ज्योति विकास बैंकको जुनसुकै शाखामा गई नगद निकाल्न सक्नेछन् । ज्योति विकास बैंकको शाखाहरुमा रहेको तोकिएको QR लाई क्अबल गरी नगद निकाल्न पाइने यस सुविधाले आम नागरिकहरुलाई थप सहजता हुने विश्वास बैंकले बोकेको छ ।

यो सेवा उपयोग गर्न, सेवाग्राहीको नेपालभित्रको जुनसुकै बैंक तथा वित्तीय संस्थामा खाता तथा सो खातासँग सम्बन्धित मोबाइल बैंकिङ्ग सुविधा सक्रिय रहेको हुनुपर्छ । ज्योति विकास बैंकमै खाता हुनुपर्छ भन्ने छैन । यस भुक्तानी सेवा प्रयोग गर्नलाई ग्राहकले आफ्नो वैध परिचयपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नपर्छ ।

ATM अथवा आफ्नो सम्बन्धित बैंकको शाखा पायक नपरेको अवस्थामा ज्योति विकास बैंकमा खाता नभएता पनि यो सुविधा उपलब्ध हुने छ । ज्योति विकास बैंकले डिजिटल प्रविधिको प्रयोगमार्फत ग्राहकको सुविधा, पहुँच र सन्तुष्टिमा केन्द्रित रही आधुनिक बैंकिङ्गको दिशामा सार्थक कदम अघि बढाउने उद्देश्यपूर्ति स्वरुप यो सेवा पनि थप गरेको हो । भविष्यमा अझ प्रभावकारी र नविनतम समाधानमार्फत ग्राहक सेवालाई थप सशक्त





बनाउँदै लैजाने बैंकको दिगो प्रतिबद्धता रहेको छ ।

बैंकले हालैमात्र सूचना सुरक्षा व्यवस्थापन प्रणाली (ISMS) द्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त क्स्इ २७००१:२०२२ प्रमाणपत्र प्राप्त गरेको छ । अन्तर्राष्ट्रिय सर्टिफिकेसन संस्था INTERCERT ले प्रदान गरेको यो प्रमाणपत्र सूचना सुरक्षा व्यवस्थापन प्रणालीको लागि एक प्रसिद्ध अन्तर्राष्ट्रिय सर्टिफिकेसन हो ।

## खेलकुद

# एसियन बक्सिङमा नेपालको पदक पक्का




काठमाडौँ – नेपालका अप्रिल रानाले एसियाली बक्सिङ च्याम्पियनसिपको पुरुष यू-२२ उमेर समूहमा कम्तीमा कांस्य पदक जित्ने पक्का गरेका छन् ।

५० केजी तौलसमूहमा अप्रिल सेफिफाइनल पुगेसँगै कांस्य पदक पक्का भएको बक्सिङका अन्तराष्ट्रिय को-ओर्डिनेटर तथा नेपाल बक्सिङ महासंघका उपाध्यक्ष श्यामकाजी अवालेले जनाएका छन् ।

एसियन बक्सिङको आयोजनामा थाइल्यान्डको बैंककमा भइरहेको प्रतियोगितामा अप्रिल भुटानी बक्सर किन्ले फुन्चोलाई ४:१ (स्प्लिट) अंकको आधारमा पराजित गर्दै सेमिफाइनल पक्का गरेका हुन् । यसअघि अप्रिलले साउदी अरेबियाका इब्राहिमलाई ५-० ले हराएर क्वाटरफाइनलमा तय गरेका थिए ।

अप्रिलले अगस्ट ६ मा जापानका बक्सर सोदाई कोटोसँग सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछन् । कोटोले फिलिपिनी बक्सरलाई ५-० ले हराएर सेमिफाइनल यात्रा गरेका छन् ।

# नारायणगढ बुटवल सडक आयोजनाको म्याद एक वर्ष थप गरिएको छ

काठमाडौं- बुटवल सडक आयोजनाले अहिले थप गरिएको म्याद अन्तिम पटकका लागि भएको र यो अवधिमा सडक निर्माणको सम्पूर्ण काम सम्पन्न गर्ने दाबी गरेको छ ।

तेस्रो पटक थप गरिएको म्याद सकिँदासम्म जम्मा ७० प्रतिशत मात्र भौतिक प्रगति भएको सडक निर्माणका लागि एक वर्ष थप गरी २०८३ साउन ७ गतेसम्म म्याद दिइएको हो ।

निर्माण कम्पनीले डेढ वर्ष म्याद थप गर्न चाहेको भए पनि एक वर्ष भित्र निर्माण सम्पन्न गर्ने विश्वास दिलाएपछि अन्तिम पटकका लागि म्याद थप गरिएको आयोजनाले जनाएको छ ।

२०७५ साल माघ २४ गते ठेक्का सम्झौता हुँदा साढे तीन वर्षमा अर्थात् २०७९ साल साउन २२ गतेसम्म सडक निर्माणको सम्पूर्ण काम सम्पन्न गरिसक्नुपर्ने सर्त थियो ।

सडक विभागसँग ठेक्का सम्झौता गरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले २०७५ चैतदेखि नै निर्माणको काम सुरू गरेको थियो ।

साढे तीन वर्षमा सम्पन्न गर्ने भनिएको उक्त सडकको म्याद अहिलेसम्म चार पटक थप गरिएको छ ।

ठेक्का सम्झौता गर्दाको २०७९ साउन २२ गतेको म्याद सकिएपछि पहिलो पटक एक वर्ष थप गरी उक्त म्याद २०८० भदौ १२ सम्म पुर्‍याइएको थियो ।

त्यसपछि दोस्रो पटक ११ महिना म्याद थप गरी २०८१ साउन ८ गतेसम्म पुर्‍याइएको थियो




भने तेस्रो पटक पुन एक वर्ष म्याद थप २०८२ साउन ८ गतेसम्म पुर्‍याइएको थियो ।

तेस्रो पटकको म्याद साउन ८ गते पूरा भए पनि १० दिन ढिलो साउन १७ गते पुरानै मितिमा १ वर्षको म्याद थप गरिएको हो ।

आयोजनाका अनुसार नारायणगढदेखि बुटवलसम्मको ११३ दशमलव ५३ किलोमिटर लामो यो सडक दाउन्नेखण्ड र पुलहरूको वारिपारिबाहेक अन्य क्षेत्रमा दुईतर्फी नै कालोपत्रे भइसकेको छ ।

दाउन्ने खण्डको १३ किलोमिटर सडकमा अहिले पनि ढलान गर्ने काम भइरहेको आयोजनाले जनाएको छ ।

# सवारी ऐन संशोधन लाइसेन्स अवधि ५ बाट १० वर्षमा विस्तार

काठमाडौं- सवारी चालक अनुमतिपत्र लाइसेन्स को बहाल अवधि १० वर्ष पुगेको छ । सरकारले केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक राजपत्रमा प्रकाशित गरेको छ ।

जस अनुसार सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा रहेको लाइसेन्स अवधि ५ वर्षबाट बढाएर १० वर्ष कायम गरिएको हो । ऐनको दफा ५४ को उपदफा ३ मा लाइसेन्स बहाल हुने अवधिबारे उल्लेख छ ।

संशोधित व्यवस्था अनुसार यस्तो अवधि अब १० वर्ष बहाल हुने भएको छ । लाइसेन्स नवीकरणबाट मान्य हुने अवधि समेत अब १० वर्ष पुर्‍याइएको छ ।

यसअघि नवीकरण हुँदा मान्य हुने अवधि ५ वर्ष थियो । नयाँ व्यवस्था अनुसार सवारी जाँचपास तथा प्रदूषण परीक्षण केन्द्रमा निजी क्षेत्रलाई समेत अनुमति दिने बेहोरा उल्लेख छ ।

# म्याग्दीका करिब नौ सय घरमा विद्युत् सुविधा विस्तार

म्याग्दी- म्याग्दीमा पछिल्लो एक वर्षको अवधिमा करिब नौ सय घरपरिवारमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको छ ।

नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा जिल्लाका विभिन्न ठाउँमा आठ सय ७४ उपभोक्ता थपिएका जनाएको छ । केन्द्रका प्रमुख सत्यनारायण गामीले एक वर्षयता मालिका गाउँपालिका-३ पात्ले, लुप्सीपार, घ्याङलेपानी, वडा नं ४ को चिउरीबोट, धवलागिरि गाउँपालिकाको बुल र मलम्पारमा विद्युतीकरण भएको जानकारी दिए ।



उनका अनुसार धवलागिरि गाउँपालिका-२ लुलाङ, लमसुङ, खोरिया, मरेनी, वडा नं ५ को मल्कवाङ, मालिका गाउँपालिका-४ को महभिर, ५ को पन्थोक र जुग्जामा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको छ । पोल गाड्ने, तार तान्ने र ट्रान्सफर्मर जडान भइसकेका ठाउँका उपभोक्ताले मिटर जडान गरेपछि विद्युतीकरणले पूर्णता पाउने उनले बताए ।

गत वर्ष अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पर्यटकीयस्थल पुन हिलमा विद्युतीकरण र घोडेपानीको वितरण लाइनको सुधार भएको थियो । एक सय ३२ केभी क्षमताको मिलन चोक-रातोढुंगा प्रसारण लाइन र रातोढुंगा सबस्टेशनबाट मंगला, मालिका र धवलागिरि गाउँपालिकामा गत वर्षदेखि विद्युत् आपूर्ति गराउन थालिएको छ ।

उज्यालोका लागि सोलार, मट्टितेलको टुकी, दियालो र सिट्टामा निर्भर स्थानीय वासीमा बिजुली बलेपछि खुसीयाली छाएको धवलागिरि गाउँपालिका-६ का वडाध्यक्ष राजाराम सुवेदीले बताए । घरायसी काम, विद्यार्थीलाई अध्ययन गर्न सहज हुनुका साथै उद्यम व्यवसाय सञ्चालन गर्ने अवसर सृजना भएको छ ।

यस वर्ष थपिएका सहित म्याग्दी वितरण केन्द्रअन्तर्गत २३ हजार ८६९ विद्युत्का ग्राहक पुगेका केन्द्रका सूचना अधिकारी प्रकाश झाले बताए । आव २०८०/८१ मा एक हजार ४३८, २०७९/८० मा एक हजार २३८, २०७८/७९ मा सात सय ७० घरमा नयाँ लाइन जडान भएको प्राधिकरणको तथ्यांक छ ।

पर्वतको जलजला गाउँपालिकाको मल्लाज, वारीबेनी क्षेत्रमा पनि म्याग्दी वितरण केन्द्रअन्तर्गतको मिलन चोक सबस्टेशनमार्फत विद्युत् वितरण हुँदै आएको छ । म्याग्दीका १४ स्थानका दुई हजार १८३ घरमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि प्राधिकरणले आव २०८०/८१ देखि रु. २२ करोड बजेटको योजना सञ्चालन गरेको छ ।

गत आवमा म्याग्दी वितरण केन्द्रमार्फत एक करोड ७३ लाख ९५ हजार ७९७ दशमलव ७१ युनिट विद्युत् खपत हुँदा रु. २० करोड ३३ लाख ६३ हजार ३८१ महसुल संकलन भएको छ । समयमा महसुल नबुझाउने एक सय ४५ जना ग्राहकको लाइन काटेर रु. १३ लाख ४५ हजार ४०७ बक्यौता असुल गरिएको छ ।

साठी दिनसम्म महसुल नतिर्नेको लाइन काट्ने र छ महिनासम्म महसुल नबुझाउनेलाई कालोसूचीमा राखिने प्राधिकरणले जनाएको छ । कालोसूचीमा परेका एक जनाबाट रु. ७७ हजार महसुल उठाएको र थप ११ जनाबाट रु. दुई लाख ७८ हजार ९०४ उठाउन बाँकी रहेको वितरण केन्द्रका लेखा प्रमुख श्याम रानाले बताए ।

# छल्दी फाँटमा रोपाइँ सुरु

गुल्मी- इस्मा गाउँपालिका-२ स्थित छल्दी फाँटमा रोपाइँ सुरु भएको छ । वर्षा सुरु भएपछि कृषकले रोपाइँ सुरु गरेका हुन् ।

लामो समयदेखि वर्षा नहुँदा यहाँ धान रोप्न समस्या भएको थियो । केही किसानले भने बीउ नै बिग्रिन थालेपछि मोटरले पानी तानेर रोपाइँ गरेका थिए । केही कृषकले सुक्खा ठाउँमै धान रोपेका थिए ।

आइतबारदेखि वर्षाले खेतमा पर्याप्त पानी जमेपछि किसानलाई राहत भएको हो । वर्षा नहुँदा धान रोप्न नपाएका किसा खुसी



भएका छन् ।

स्थानीय किसान ढालबहादुर केसीका अनुसार अहिले खेतमा राम्रोसँग पानी जमेकाले धान रोपाइँ गर्न सहज भएको छ । ढिलो भए पनि मौसमले साथ दिएको भन्दै उनले खुसी व्यक्त गरे ।

सोमबार बिहानैदेखि कृषकहरू खेतमा व्यस्त भएका छन् । छल्दी फाँटमा तीनवटा ट्याक्टर द्वारा धान रोपाइँ भइरहेको छ ।

छल्दी फाँट गुल्मीको एक प्रमुख कृषियोग्य भू-भाग हो । उक्त क्षेत्रमा हरेक वर्ष ठूलो मात्रामा धान उत्पादन हुने गर्दछ ।

अबको केही दिन लगातार मौसम अनुकुल रह्यो भने बाँकी क्षेत्रको पनि रोपाइँ सकिने किसानहरु बताउँछन् ।

छल्दी फाँटमा ६० बढी कृषकको खेत छ । जसमा ५०० मुरीभन्दा धेरै धान उत्पादन हुन्छ । नजिकै छल्दी खोला बगेपनि कुलाको व्यवस्था नहुँदा आकाशे पानीको भरमा रोपाइँ गर्नं पर्ने बाध्यता छ ।

# निर्मला हत्या प्रकरण नयाँ शिराबाट अनुसन्धान गर्न सिआइबीलाई गृहमन्त्री लेखकको निर्देशन

काठमाडौं- गृहमन्त्री रमेश लेखकले कञ्चनपुरको भीमदत्त नगरपालिकाकी निर्मला पन्त बलात्कारपछि हत्या भएको प्रकरण नयाँ शिराबाट गम्भीर अनुसन्धान थाल्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई निर्देशन दिएका छन् । आज सिआइबीको कार्यालय निरीक्षणका क्रममा मन्त्री लेखकले सुक्ष्म रुपमा निर्मला पन्त प्रकरण अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिएका हुन् ।

"निर्मला पन्तको हत्यालगायत ब्युरोले अनुसन्धान गरिरहेका सबै जटिल घटनाको अनुसन्धानमा तीव्रता दिन आग्रह गर्छौं", गृहमन्त्री लेखकले भने, "नेपाल प्रहरीभित्र पनि सिआइबीप्रति




आमजनताको भरोसा बढेको छ, यसलाई अटल राखेर काम गर्नंपर्छ ।"

सीमित स्रोतसाधनका बीच प्रहरीमा सिआइबीले कार्यसम्पादनमा सफलता हासिल गर्दै गएकोप्रति खुसी व्यक्त गर्दै मन्त्री लेखकले सिआइबीलाई साधनस्रोत सम्पन्न बनाउन मन्त्रालय गम्भीर रहेको उल्लेख गरे । मुलुकमा पछिल्लो समय वित्तीय अपराधका घटना बढेकाले आफूले वित्तीय अपराध नियन्त्रणका लागि वित्तीय अपराध अनुसन्धान महाशाखा गठन गरेको उनले जानकारी दिए ।

"प्रहरीप्रतिको भरोसा बढेर गएकै कारण देशभरबाट प्रहरी चौकी माग हुँदै आएको छ", उनले भने, "प्रहरीलाई सुविधा सम्पन्न बनाउन विगतकोभन्दा चालु आर्थिक वर्षमा तुलनात्मक रुपमा बजेट बढी विनियोजन गरिएको छ ।"

प्रहरीभित्र सिआइबीको महत्वपूर्ण जिम्मेवारी रहेको भन्दै उनले जिम्मेवारी पूरा गर्न प्रविधि, जनशक्तिलगायतका विकास गरिनेमा जोड दिए ।

त्यस अवसरमा सिआइबीका वरिष्ठ प्रहरी उपरीक्षक होविन्द्र बोगटीले सिआइबीले गरिरहेको काम, कारबाही, पाइरहेको सफलता र कार्यसम्पादनमा रहेका चुनौतीलगायत विषयमा प्रस्तुति राखेका थिए ।

वरिष्ठ उपरीक्षक बोगटीले सिआइबीले निर्मला पन्त हत्या प्रकरणका साथै अन्य घटनाका सम्बन्धमा पनि अनुसन्धान जारी रहेको जानकारी गराएका थिए । कार्यक्रममा प्रहरी महानिरीक्षक दीपक थापा, सिआइबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रकुवेर खापुङलगायत सिआइबीका कार्यरत प्रहरी अधिकारीको उपस्थिति थियो ।

# कर्णालीको बजेट कार्यान्वयन

काठमाडौँ- कर्णाली प्रदेशमा हरेक वर्ष बजेट खर्च कम भइरहेको आरोप प्रदेश सरकारले खेप्दै आइरहेको समयमा मुख्यमन्त्री यामलाल कँडेलले साउनमै मन्त्रीहरुसँग सम्झौता गरेसँगै मन्त्रालयले बजेट कार्यान्वयनलाई तीव्रता दिन थालेका छन् ।

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयका मन्त्री घनश्याम भण्डारीले चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयन गर्न कार्यक्रम कार्यान्वयन दिग्दर्शन जारी गरेसँगै मन्त्रालयले बजेट कार्यान्वयनमा तीव्रता दिएको हो ।

कर्णाली प्रदेशका सबै मन्त्रालय भन्दा नागरिक स्तरसम्म पुग्ने मन्त्रालयसमेत रहेको सामाजिक विकास मन्त्रालयले प्रदेश भरि रहेका दुई सय भन्दा बढी अधुरा आयोजनालाई सम्पन्न गर्न तत्काल सूचि बनाई मन्त्रालयमा पठाउन मातहतका जिल्ला स्थित सामाजिक विकास कार्यालयलाई निर्देशन दिएको हो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१७, अंक- ३,
२०८२ साल साउन २० गते मंगलबार
5 AUGUST 2025, TUESDAY

# टेम्केमैयुङको पाँचधारे बजारमा पहिरोको त्रास बस्ती जोखिमम



काठमाडौं- टेम्केमैयुङ गाउँपालिका,९ लेखर्कमा रहेको पाँचधारे बजार पहिरोको जोखिममा परेको छ ।

बस्तीमाथिको डाँडामा जमिन चर्किएर पहिरो जाने अवस्था बनेपछि बजार जोखिममा परेको हो ।

बजारको माथिल्लो भागमा जमिन चिरा परेर पहिरो जान थालेपछि पाँचधारे बजार जोखिममा रहेको टेम्केमैयुङ-९ लेखर्कका वडाध्यक्ष नभराज माङ्पाहाङ्ले जानकारी दिए ।

बजारमाथिको डाँडामा ढुङ्गा उत्खनन गरिँदा बस्तीलाई असर परेको उनको भनाइ छ ।

पाँचधारे बजार पहिराको जोखिमा परेको छ वडाध्यक्ष माङ्पाहाङ्ले भने, अहिले पहिरो चलिरहेको छ । ठूलो मनसुनी वर्षात् भएको खण्डमा बस्ती नै जोखिममा पर्ने अवस्था छ ।

बजार क्षेत्रका आठवटा घर पहिराको जोखिममा रहेको वडाध्यक्ष माङ्पाहाङ्ले बताए ।

यहाँको विपद् तथा क्षतिको विषयमा प्रहरी मुचुल्कासहित सम्बन्धित निकायमा पठाएको भए पनि कुनै सुनुवाइ नभएको उनको भनाइ छ ।

अहिले पनि जमिन चर्किएको स्थानमा सामन्य पहिरो गइरहेको अध्यक्ष माङ्पाहाङ्ले जानकारी दिए । समयमा रोकथाम नगरिएमा ठूलो क्षति हुने अवस्था रहेको उनले बताए ।

हुने गर्दछ । त्यसको अन्त्य गरी औ
**आफ्नै देशको गाडी**

यौगिक क्षेत्रलाई दुरदर्शिता राखेर स्थाई नीति सरकारले वातावरण बनाई दिएमा लगानीकर्ताहरु नेपालमा नै यातायातका उद्योग खोल्न तयार छन् भन्दै आएकाछन् ।" अध्यक्ष चौधरीको जनआकाश मिडियाको जनआकाश टिभीमा समेत अन्तर्वार्ता हेर्न सकिन्छ ।

नेपाल अहिले विद्युतिय सवारी साधनहरुले बजारमा स्थान पाएका छन् । नेपालले जलविद्युतमा केही मात्रमा प्रगति गरिराखेको छ । जलविद्युत निर्माणका चरणहरु चलिरहेका हुनाले नेपालबाट वार्षिक झण्डै ४ खर्ब बराबरको पेट्रोलियम पदार्थ खरिद गर्दै आएको छ । सरकारले पनि २०२५ मानै बागमती प्रदेशमा इलेक्ट्रिक सवारी साधनको लक्ष्य राखेको छ । सरकारको नीतिलाई आम नागरिकले पनि नेपालकै विद्युतले चार्ज गरेर चलाउन मिल्ने सवारी साधन खरिद गर्न विद्युतिय सवारी साधन नेपालीहरुको रोजाईमा पर्न थालेका हुन् । तर विदेशमा बन्ने नेपालका सवारी साधन गुड्ने सडकहरु कतिपय अझै पीच भई नसकेको र डाडा पाखाहरु हुदा नेपालको भौगोलिक अनसारका विद्युतिय सवारी साधनहरु उपलब्ध छैनन् । अर्को पटी नेपालमा डिजेलबाट चल्ने सवारी साधन भन्दा विद्युतिय सवारी साधन महगो पर्न गएको हुनाले अझै नेपालीहरुले यसको प्रयोग राम्रोसँग गर्न पाएका छैनन् । त्यसकारण नेपालले अफ्नै देशमा सवारी साधन उत्पादन गर्ने नीति चाडोभन्दा चाडो तय गरोस । देशमा रोजगार नपाएर निराश बोकेर अर्काका देशमा पसिना बगाउन गईरहेका नेपालीहरुले नेपालमा नै काम पाउन् ।

नेपालमा नै सवारी साधनको उद्योग स्थापना गर्न सकियो भने नेपालको भौगोलिक अवस्था अनुसार सवारी साधन नेपाली मेकानिकल ईन्जिनियर बनाउछन् । नेपाललाई कस्तो साधन चाहिन्छ भन्ने ज्ञान नेपालीलाई हुन्छ । आखाँ खोल सरकार ।

**मेयर भट्टराई...**

मागमा सैद्धान्तिक सहमति भएको जानकारी गराइएको हो ।

नगरप्रमुख भट्टराईले साउन ११ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा चरणबद्ध रुपमा सत्याग्रह गरेका थिए ।

श्रावण १४ गते राति अचानक स्वास्थ्यमा समस्या देखिएपछि उनलाई चिकित्सकको सल्लाहमा वीर अस्पताल भर्ना गरिएको थियो । भट्टराईको अनसनपछि राष्ट्रिय मानव अधिकार आयोगले विज्ञप्तिमार्फत नेपाल सरकारलाई गम्भीर ध्यानाकर्षण गराएको थियो । त्यही सिलसिलामा वन तथा वातावरण मन्त्रालयको पहलमा श्रावण १५ र १७ गते दुई चरणमा ५ घण्टासम्म वार्ता भएको थियो ।

दुवै पक्षबीच बाँस, गाँजा जस्ता वनस्पतिको प्रयोगका लागि ४५ दिनभित्र भवन निर्माण कोड तथा मापदण्ड तय गरिने, सखुवा, खयर लगायत कुहिएर नष्ट भइरहेका काठको आर्थिक उपयोगबारे विज्ञ समिति गठन गरी अध्ययन सुरु गरिने, कोदो, गहत, आदि जस्ता रैथाने बालीलाई व्यवसायिकरूपमा प्रवर्द्धन गर्ने नीतिगत निर्णय गरिने, रैथाने स्रोतसाधनलाई सरकारी संरचनाभित्र प्राथमिकतामा राखी प्रयोगमा ल्याउने लगायत सहमति भएको छ ।

उक्त सहमति ४५ दिनभित्र कार्यान्वयन गर्ने सरकारले प्रतिबद्धता जनाएको छ ।

**रिमालको निधन...**

सदस्यमा निर्वाचित थिए ।

उनको निधन प्रति श्रद्धाञ्जली प्रकट गर्दै तारकेश्वर गाँउपालिकाले आज शोक बिदा दिएको छ । गाँउपालिका अध्यक्ष शिव अधिकारी (अविरल)ले शोक वक्तव्य जारी गर्दै वडाध्यक्ष एवम् कार्यपालिका सदस्य रिमालको निधनमा आज 'तारकेश्वर शोकको दिन' घोषणा गर्दै गाँउपालिका, वडा कार्यालयहरू, सार्वजनिक सेवा प्रवाह गर्ने निकायमा शोक बिदा दिएर राष्ट्रिय झण्डा आधा झुकाउने उल्लेख गरिएको छ ।

**जनता आवास...**

गमा नौ वटा घर निर्माण भए पनि ती सबै घर प्रयोगविहीन रहेको स्थानीय दत्त बुढाले बताए ।

बजेट पाउने आशामा अपायक पर्ने स्थानमा घर निर्माण गरिएका कारण पनि सेवाग्राहीले प्रयोगमै ल्याउन नचाहेको उनको भनाइ छ । तीनकोठे भवन निर्माणका लागि जनता आवास कार्यक्रमबाट प्रतिघर साढे तीन लाखभन्दा बढी लगानी गरिएको छ । यी घर छनोटमा परेका न्यून आयस्रोत भएका गरिब तथा दलित परिवारले आफैं निर्माण गरेका हुन् । घर निर्माण हुनु गरिबका लागि सकारात्मक कुरा भएको बताउँदै उनले तर अहिले प्रयोगमा किन आउन सकेनन् भन्ने कुराको खोजी हुन आवश्यक रहेको बताए ।

यस्तै खार्पुनाथ गाउँपालिका-५ को याङ्चुमा पनि २७ जना दलित घरधुरीका लागि निर्माण गरिएका भवन प्रयोगमै नआई जीर्ण अवस्थामा पुगेको स्थानीय पारस शाहीले बताए ।

छ वर्षअगाडि निर्माण गरिएका भवन गाउँपालिका केन्द्र भएकै स्थानमा भए पनि प्रयोगमा आउन सकेका छैनन् । यी घर निर्माणका लागि दुई लाख ७० हजार रुपियाँ जनता आवास कार्यक्रमले सहयोग गरेको थियो ।

यता सिमकोट गाउँपालिका-५ र ६ मा पर्ने गुम्बामा निर्माण गरिएका तीन वटा भवन पनि प्रयोग बिहिन छन् । यी भवन आवश्यकता भन्दा पनि पर्हुचका भरमा निर्माण गरिएका कारण प्रयोगमा आउन नसेको स्थानीय सुरेश परियारले बताए ।

जनता आवास कार्यक्रम सञ्चालन गर्दै आएको सघन सहरी विकास कार्यालय जुम्लाका सबइन्जिनियर विमल रावतले माग आउने भवन निर्माण हुने तर प्रयोगमा नआउने समस्या हुम्लामा देखिएको बताए ।

यसरी सरकारी बजेट खर्च गरेर निर्माण गरिएका भवनको प्रयोगका लागि नयाँ उपाय लागु गर्न लागिएको जानकारी दिए ।

## सुसेली



**शिखर कवि मुरलिप्रसाद ढकाल**

१) घर घरका
सहर र गाउँका
देश भरका ।

२) छोरा र छोरी
सहर र गाउँमा
छैनन् तन्नेरी ।

(३) वृद्धवृद्धा झन्
नपाएर साहरा
बेसाहरा छन् ।

(४) धन आर्जन
परदेश गएका
युवा जवान ।

(५) पढ्न र लेख्न
नेपालीको विदेश
भयो फेसन ।

(६) फाँट पखेरा
बाँझिएर ढल्दैछन्
घर टहरा ।

(७) समय आयो
होकि क्याहो नेपाली
पन हरायो ।

(८) धर्म संस्कृति
संस्कार यो भाषाको
भयो विकृति ।

(९) कता मोडियो
सत्भावना एकता
किन तोडियो ?

(१०) हाम्रो रित्तियो
पश्चिमाको संस्कार
यता भित्रियो ।

(११) पाए डलर
धर्म बेच्ने जननी
बेच्ने सहर ।

(१२) नीति हरायो
सुशासन सभ्यता
थिति हरायो ।

(१३) पैसा पावर
देश भयो नेताको
मात्रै लाहुर ।

(१४) शब्द चयन
जस्तो देखें लेखेर
गरें वयान ।

(१५) यहीं सार छ
मेरो देश नेपाल
मेरो प्यारो छ ।

## मनोरञ्जन

# 'मोहर'को प्रचार गर्न देश दौडाहामा पल, चितवनमा दर्शकसँगै नाँचे

यतिबेला अभिनेता पल शाहलाई दौडधुप र धपेडी निकै छ । किनकि, एकातिर उनी अभिनीत फिल्म 'मोहर' यही शुक्रबारबाट प्रदर्शनमा आउँदैछ भने अर्कोतिर आफ्नो निर्माण तथा अभिनय रहने फिल्म 'यानीमाया'को ढोरपाटनमा कार्यशाला चलिरहेको छ । यसैले उनलाई समय मिलाउन ठूलो सकस परेको छ । केही दिनयता भने उनले 'मोहर'को प्रचारमा पर्याप्त समय दिइरहेका छन् ।

गत शुक्रबार फिल्मको प्रचारका लागि पशुपतिमा चलिरहेको महायज्ञ र सोही साँझ समाखुशीस्थित सिटी स्क्वायर मलमा आयोजित सांस्कृतिक कार्यक्रममा सहभागी भएका पल यतिबेला मोफसल दौडाहामा निस्किएका छन् । उनले आइतवार




पूर्वी चितवनको पर्सास्थित म्याङ्गो जनज्योती हलमा आयोजित एक स्कूलको कार्यक्रममा दर्शकसँग साक्षात्कार गर्दै फिल्मको गीतमा नृत्य पनि गरे ।

बडिगार्डको साथमा कार्यक्रम स्थल पुगेका पललाई देखेपछि उनीसँग अंकमाल गर्न र फोटो खिच्न विद्यार्थीहरुबीच हानाथाप चलेको थियो । उक्त कार्यक्रममा पलसँगै फिल्मका गायक थानेश्वर गौतम पनि सहभागी थिए । दुवैले विद्यार्थीहरुलाई परिवारको साथमा 'मोहर' हेर्न निम्तो दिए । चितवनको कार्यक्रम सकाएर पल सोमबार पोखरा पुगेका छन् । त्यहाँ पनि उनले दर्शकसँग भेट गर्नेछन् ।

ओम प्रतिकको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा पलसहित नीति शाह, बेनिशा हमाल, अर्जुन जंग शाही, लक्ष्मी गिरी, सारा शर्मा, रवीन्द्र झा लगायतको अभिनय छ । फिल्मका निर्माता चुम्बन जंग शाही हुन् । देउकी कुप्रथाको कथामा आधारित यो फिल्म आइतबार सेन्सर पास भएको छ । केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले फिल्मलाई 'पीजी' सर्टिफिकेट दिएको छ ।

# 'तेल भिसा'का निर्माता कार्कीमाथि ठगीको आरोप

पछिल्लो समय नेपाली फिल्मका निर्मातामाथि श्रृंखलाबद्ध रूपमा ठगीको आरोप लागिरहेको छ । केही महिनाअघि 'रावायण' फिल्मका कार्यकारी निर्माता सुसन पाठकले पाँचजना विद्यार्थीहरूलाई विदेश पढ्न पठाइदिने भन्दै ५० लाख बढी असुलेर फिल्ममा लगानी गरेको खुलासा भएको थियो । फिल्म 'फ्लप' भएपछि उनी फरार भएको भन्दै पीडित विद्यार्थीहरूले मिडिया गुहारेका थिए ।

गत वर्ष प्रदर्शित फिल्म 'तेल भिसा'का निर्देशक शंकर घिमिरे र प्रस्तुतकर्ता ऋचा घिमिरेमाथि त ठगीको आरोपमा प्रहरीमा उजुरी नै परेको थियो । उनीहरुले अमेरिका लैजान्छु भन्दै ठगेको आरोप लागेको थियो । यतिबेला सोही फिल्मका निर्माता शिवराज कार्कीमाथि पनि ठगीको आरोप लागेको छ । एक महिलाले फेसबुकमा स्टाटस नै लेखेर कार्कीबाट आफू ठगिएको बताएकी छन् । मञ्जु धमला नामक महिलाले शनिबार फेसबुकमा शिवराजले 'तेल भिसा'को टिसर्ट लगाएको फोटो समेत राखेर आफ्नो पैसा फिर्ता मागेकी छन् । उनले लेखेकी छन्, 'मेरो २ लाख ५० हजार पैसा फिर्ता दिनुस् दाई । मेनपावर चलाएको छु, विदेश पठाउँछु भनेर दुनियाँको पैसा ठग्ने काम नगर्नुस् । कसैले पनि यो दाईलाइ विश्वास नगर्नुहोला । इज्जत, लाज-सरम भन्ने कुरा यो दाईलाइ रहेनछ ।'

# दयाहाङ र प्रकाशको 'मिरमिरे' माघे सङ्क्रान्तिमा आउने

यतिबेला छायांकनमा रहेको फिल्म 'मिरमिरे' माघे सङ्क्रान्तिको विदा पारेर आगामी माघ १ गतेबाट प्रदर्शनमा आउने भएको छ । शुक्रवार फिल्मकी मुख्य अभिनेत्री सिर्जना निङ्लेखुको जन्मदिनको अवसरमा निर्माण पक्षले प्रदर्शन मितिबारे जानकारी गराएको हो । वितरकसँगको सल्लाहमा फिल्मलाई माघ १ गते प्रदर्शन गर्न लागिएको निर्देशक यम शेर्पाले बताए ।

केही दिनदेखि फिल्मको छायांकन मकवानपुरको चित्लाङमा भइरहेको छ । त्यसअघि काभ्रेपलाञ्चोकमा केही प्रतिशत छायांकन गरिएको थियो । अबको दुई सातामा फिल्मको सम्पूर्ण छायांकन सकिने जनाइएको छ । फिल्ममा सिर्जनासँगै दयाहाङ राई र प्रकाश सपुतको मुख्य भूमिका रहेको छ ।

**युवा सशक्तिकरण गरौं ।**

**युवा सशक्तिकरण किन:**

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# समाज सेवाको उत्कृष्ट नमूना

समाजसेवी उपेन्द्र बहादुर बानियाँको जन्म २०१५ साल पुस महिनाको ८ गते हालको ठेगाना अनुसार बागमती प्रदेश, काभ्रे जिल्ला, पाँचखाल नगरपालिका वडा नं. ३ अल्छेढुङ्गा भन्ने ठाउँमा भएको हो । पिता तेजबहादुर बानियाँ र माता जगत कुमारी बानियाँको ३ छोरामध्ये जेठो छोराको रुपमा जन्मेका उपेन्द्रको बाल्यकाल माता पिताका साथ घरमै बित्यो । उनको किसानी परिवार भएकाले घरबाट कखरा सिक्ने सम्भावना भएन । उनी बाल्यकालदेखि नै मातापिताले गरेका किसानी कर्म हेरेर बस्थे । बेशी सर्ने भन्दा पहिला गाउँवेशी गर्ने परिवारले बच्चालाई डोकोमा बोकेर गाउँवेशी गराउँथे । उपेन्द्र जन्मेको ताका बेशीमा औलो ज्वरोको डर हटी सकेको थिएन । मित्रराष्ट्र र नेपाल सरकारको संयुक्त प्रयासमा औलो उन्मूलन कार्यक्रम धमाधम सञ्चालन भइरहेको थियो । ३/४ वर्ष पछि उन्मूलन भयो । गाउँलेहरु वेशी सर्नेको लहर चल्यो । उनको परिवार पनि बेशी सर्‍यो । स्कुल जाने बेला भएको थियो । बेशीमा स्कुल हुने कुरा भएन । उनी ५ वर्षको उमेरमा स्कुल जाँदा विहान ४ किलो मिटर उकालो र बेलुका घर फर्कने बेलामा ४ किलो मिटर ओरालो हिँड्नु पर्ने गरी गाउँको आफ्नो घर अगाडि श्री गणेश प्राइमरी स्कुलमा भर्ना भए । स्कूल भर्खर खुलेका बेला, रत्नप्रसाद पराजुली प्रधानाध्यापक हुनुहुन्थ्यो । १ देखि ३ सम्म त्यहाँ अध्ययन गरेर ४ कक्षादेखि जोरपाटीमा सर्व मंगला विद्यामन्दिर निम्न माध्यमिक विद्यालय खुलेकोले त्यसमा अध्ययन गरेर २०३२ सालमा एसएलसी परीक्षा दिए । नतीजा आउदा द्वितीय श्रेणीमा उत्तीर्ण भए । किसान परिवारमा जन्मे हुर्केकाले

खेतीपातीमा पनि ध्यान जानु स्वभाविकै हो । घरको काम पनि, समय भएको बेलामा हेर्दै गए । माता पिता दिनदिनै बृद्धा हुँदै जानु भयो । भाईहरु हुर्कदै थिए । तिनलाई पढाउनु पनि पर्यो । घरखेती जग्गा अलि धेरै भएकोले राम्रोसँग हेरविचार गर्ने मानिस पनि भएन । तसर्थ आफूलाई घर छाडेर कतै जानपनि असजिलो आदी कारणहरुले गर्दा बाद्य भएर २०३२ साल वैशाख महिनामा बनेपा धनेश्वर निवासी मिनबहादुर अधिकारी तथा (जो रवि ओपिका प्रधानपञ्च पनि हुनुहुन्थ्यो) । मनमाया अधिकारीका जेठी छोरी मिरा अधिकारीका साथ विवाह बन्धनमा बाँधिए । त्यसपछि २ वर्ष घरै बसी खेतीपातीमा पितामातालाई सहयोग गरे । उनलाई शिक्षामा अलि कमी भएको जस्तो लागेर पुनः कोठाको व्यवस्था गरी सानो ठिमी भक्तपुरमा गएर आइएड कक्षामा भर्ना भए । ४ सेमेष्टरको कक्षामा ३ सेमेस्टरसम्म.थ्योरी पढेपछि चोथौ सेमेस्टरमा २ महिना कक्षा र ३ महिना शिक्षण अभ्यासको लागि स्कुलमा पढाउने व्यवस्था भए अनुसार उपेन्द्रको नाम नाला उग्रचण्डी माविमा परेको रहेछ । सोही अनुसार तोकिएको विद्यालयमा गए ३ महिना शिक्षण गरी सिफारिसको कागज सहित कलेज आए । त्यसको केही दिन पछि नतीजा प्रकाशित भयो । उनी राम्रोसँग उत्तीर्ण भए । त्यसपछि भने पढाइमा पुरा विट मारेर घर व्यबहार लगायत अन्यत्र व्यापार आदि गर्ने निश्चय गरेर दुइ बर्षजस्तो घर बसे पछि फेरि परिस्थितिले अर्कै मोड लियो । २०४२ सालमा अनेकोट, द्वारे, डिही, भक्रम देवी निम्न माध्यमिक विद्यालयबाट अचानक बोलावट भयो । त्यहाँ उपेन्दसँग पहिलादेखि चिनापर्ची भएको विनोद खतिवडा त्यस विद्यालयको अध्यक्ष हुनुहुँदो रहेछ । उहाँले उपेन्द्र आइएड पास गरेर घरमै बसेको थाहा पाए, घर पाएकको जागिर भनेर

बोलाएको रहेछ । यसरी त्यहाँ शिक्षण काम गरी स्थाई पनि भए । ४ वर्ष नोकरी पुगेपछि यसरी नोकरी गर्दैमा भने जस्तो घर व्यवहार धान्न सक्ने आय आर्जनको ब्यवस्था नहुने सोचेर व्यापार व्यवसायमा लाग्नु पर्छ भनेर त्यो जागिर पनि राजिनामा गरे ।

जागिर पछि

त्यसपछि ट्रक व्यवसाय गरे । जलढुङ्गेमा मिल थापे । त्यसबाट पनि चित्त बुझ्दो प्रगति भएन । मिललाई लामीडाँडामा हुन्छ कि भनेर स्थानान्तरण गरियो । भाइहरु भिन्न भए खास्सै प्रगति भएन जिविकोपार्जनको ब्यवस्था मात्र भयो । ७४ वर्षको उमेरमा २०५६ सालमा ममतामयी माता स्वर्गे हुनुभयो । ८० वर्षको उमेरमा २०६० सालमा पिताजी स्वर्गे हुनुभयो परिवारमा टुहुरो भैयो भने अर्का तर्फ ब्यवहारको सम्पूर्ण बोझ उनको काँधमा आयो । आफ्ना २ छोरा र २ छोरी घरमा छन् । छोरीहरुको बिवाहदान गरे । जेठो छोरा बिदेश जाने सिलसिलामा हङ् कङ गए । यता आफूले नयाँ व्यवसाय जग्गामा हातहाले । त्यसबाट पहिलो फेजमा चेपुवामा परेपनि केही वर्ष पछि विस्तारै अवस्था सुध्रियो । ५ वर्ष बिदेश बसाई पछि जेठो छोरा घर फर्किए । दीप बिवाह बन्धनमा बाधिए । घरायसी काममा माता पितालाई सहयोग गर्न थाले । कान्छो छोरा अष्ट्रलिया गए । हाल कान्छो छोरा बुहारी कष्ट्रेलियामा छन् ।

सामाजिक र धार्मिक सेवा

सामाजिक एवम् धार्मिक कार्यको विषयमा छुट्याउने सिमा ज्यादै कम छ । नांगो आँखाले छुट्याउन पनि सकिँदैन । पावरवाला चस्माको आवश्यकता पर्दछ । त्यतिमात्र नभएर कहिले कहिँ दशमलबमा आउने भएर क्यालकुलेटर आवश्यक पर्छ । त्यो झन्झट कसले गर्ने ? तसर्थ



तेजप्रकाश बानियाँ

व्यवहारमा न्याय दिन सकिने अवस्था नभएकोले यी दुबै कामलाई एउटै शीर्षक अन्तरगत राखिएको छ । उपेन्द्र बानियाँले गरेको हाल सम्मका सामाजिक र धार्मिक.कार्यहरु जुन यस प्रकारका छन् ।

१ बानियाँ बन्धु समाज केन्द्रीय कार्य समितिको निर्देशानुसार २०६८ सालमा गठन गरिएको बानियाँ बन्धु समाज जिल्ला कार्य समिती काभ्रेको हालसम्म अध्यक्ष पदमा कार्यरत रही आवस्यकता अनुसार केन्दसँग समन्वय गरीरहेका छन् । २०६९ साल बैशाख गते जिल्ला कार्य समितिले एक भब्य समारोह आयोजना गरी केन्दिय पदाधिकारीहरको सहभागितामा बृद्धबृद्धा सम्मान कार्यक्रम आयोजना गरेको थियो ।

२ समय समयमा केन्द्रिय कार्य समितिको निर्देशनमा हुने जानकारीहरु अध्यक्षको हैसियतले गाभिर्यता हेरी जिल्लाका बन्धुहरुमा प्रवाह गरेकाछन् । गठन भएको कार्य समितिमा रही २०६९ सालदेखि हालसम्म जिल्ला अध्यक्षको कार्यभार सम्हाल्दै आएका छन् । बानियाँ बन्धु समाज जिल्ला कार्य समिति काभ्रेलाई परिआएको सामान्य आर्थिक सहयोग गर्दै आएका छन् ।

३) बानियाँबन्धु केन्द्रीय कार्य समितिको ३ वर्षको अवधिमा हुने महासमितिमा सक्दो रुपमा सहभागी हुँदै आएका छन् ।

४) केन्द्रीय कार्य समितिको निर्देशनमा रही बेलाबखत जिल्ला कार्य समितिको भेला गराई केन्द्रका निर्देशन जिल्लस्तरमा पुर्‍याउने गरेका छन् । बानियाँ बन्धु समाजको वंशघर निर्माण गर्न अरु गन्यमान्त्र बन्धुका सरहनै आर्थिक सहयोग गरेका छन्

५) पाँचखाल न पा अन्तर्गत बिभिन्न कार्यहरुमा गरिएका आर्थिक सहयोगहरु

क) वडा न ३ चार पिप्लेमा मा कृष्ण मन्दिर निर्माणमा आर्थिक सहयोग ।

ख) वडा नं ६ मा अस्पताललाई एम्बुलेन्स खरिदमा आर्थिक सहयोग ।

ग) वडा नं ४ समाजकल्याण स्थित शिव मन्दिर निर्माणमा आथिक सहयोगका साथै नियमित पूजाकालागि पितामाताको सम्झनामा रु ५०,००१/(पचास हजार एक रुपैंया) को अक्षयकोष स्थापना ।

घ) वडा नं ३ स्थित कृष्ण मन्दिर निर्माणमा आर्थिक सहयोग ।

च) वडा नं ६ स्थित दुग्धेश्वर मन्दिर निर्माणमा आर्थिक सहयोग ।

छ) वडा नं ६ ढुंगाना वेशी स्थित मन्दिर निर्माणमा आर्थिक सहयोग ।

ज) वडा नं ६ बखेलडिहीमा लिफ्ट सिचाइकोलागि आर्थिक सहयोग ।

झ) वडा नं ५ मुडेपानी केराघारी मन्दिर निर्माणमा आर्थिक सहयोग ।

ञ) वडा नं ९ पलाञ्चोक भगवती स्थान पार्क खरिदमा आर्थिक सहयोग ।

ट) वडा नं ३ कोटदेवी मन्दिर जिर्णोद्धारमा आर्थिक सहयोग ।

ठ) सर्व मंगला क्याम्पस स्थापना गर्न आर्थिक सहयोग गर्नुकासाथै सञ्चालक समितिमा रही १ वर्ष कार्य गरेको ।

ड) गरीव, अशक्त, विरामी र असहायहरुलाई बेला बेलामा आर्थिक र भौतिक सहयोग गर्दै आइरहेको ।

ढ) काफ्लेडिही बस स्टपमा पिताजीको समयमा निर्माण गरिएको चौतारो र प्रतिक्षालय पुरानो र सानो पनि भएकोले पुरानो संरचनालाई पुरै हटाई, नयाँ रुप दिई मर्मत एवम् निर्माण गरी पिता माताको सम्झनामा समीको चौतारो निर्माण गरेको । यसैगरी जालपाको मन्दिर अगाडि बर र पीपल, सहितको चौतारो २ र शंकर बेलको रुखको फेदमा पिताजीले बनाएको सानो चौतारो हटाई नयाँ समेत गरी ३ गोटा सिमेण्टेड चौतारो निर्माण गरी बर-पीपल रोपी बर पिपलको बिवाह समेत गरीदिएको ।

ण) मन्दिरहरु निर्माण

घरदेखि करीव ३०० मिटर उत्तरपट्टि पण्डितको डाँडा भन्ने सम्म चउरमा आफ्नो आधा रोपनी जग्गामा बानियाँहरूकी कुलदेवी जालपा देवीको ४ तले मन्दिर निर्माण गरेको । यसैगरी तामाघाट पूलबाट १०० मिटर उत्तर दायाँ पट्टि ३ तले दुर्गामाताको मन्दिर निर्माण गरेको । यसका साथै शंकर बेलको बोट नजीक २ तले पञ्चकन्या माइको मन्दिर निर्माण गरेको । माथी उल्लेखित ३ गोटा मन्दिरहरु र चौतारोहरु उपेन्द्र बानियाँले आफ्नै जग्गामा, आफ्नै व्यवस्थापन र सम्पूर्ण आफ्नै लगानीमा सम्पन्न गरेका हुन् ।

६) मन्दिर उद्घाटन


मन्दिर र चौतारीहरु उद्घाटन समारोह २०८१ चैत्र १८ गतेका दिन उपेन्द्र बानियाँका २ वटा नातिको ब्रतवन्ध र २ नातिनीको गुन्यूचोली, एवम् नव निर्मित जालपा माताको मन्दिरमा लाख बत्ति बाल्ने साइत पनि त्यसै दिन जुरेकोले उक्त दिन ४ वटा विशाल अनुष्ठान एकसाथ सम्पन्न भए । उक्त कार्यक्रममा अगिल्लो दिनदेखिनै उच्चस्तरीय ब्याण्ड बाजा तथा नेपालको प्रसिद्ध साङ्गीतिक टिम इन्द्रेणीका सञ्चालक कृष्ण कँडेल सहितको उपस्थितिमा भब्य साङ्गीतिक कार्यक्रमको आयोजना गरिएको थियो । भोलिपल्ट ब्याण्ड तथा इन्द्रेणी टिमको भब्य कार्यक्रमका बीच उपनयन संस्कार कार्यक्रम वैदिक बिधि अनुसार परम्परागत ढंगबाट बटुकहरुलाई मन्त्र सुनाउने काम सम्पन्न भयो भने, साथसाथै अर्कातर्फ गुन्यूचोली र बेलुकापख लाख बत्तिको कार्यक्रम सञ्चालन भैरहेको थियो । यसैगरी मन्दिरहरु अनावरण कार्यक्रम बानियाँ बंशका कुलाभूषण, नेपाली सेनाका अवकाश प्राप्त सहायक रथी तेजप्रकाश बानियाँका बाहुलीबाट सुसम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा ब्याण्डबाजा तथा इन्देणी टिम साथ उपस्थित मानव सागर देख्दा मेला झैं लाग्थ्यो उक्त समारोहमा आफन्त, छिमेकी, साथीभाइ, शिक्षा क्षेत्रका पाहुना, बानियाँ बन्धुसाजका केन्द्रिय पदाधिकारीहरु, ब्याण्ड टोली, इन्द्रेणी ग्रुप, समेतको सहभागिता थियो ।

७) तीर्थस्थल एवम् देश दर्शन

देशका विभिन्न तीर्थस्थलहरुको दर्शन भ्रमण एवम् जिल्लाका मुख्य मुख्य पर्यटकीय स्थानहरुको दृश्यावलोकन भ्रमणका हिसावले साथीहरुको ग्रुपमा पूर्व पश्चिम ५ गोटै विकाश क्षेत्रका सबैजसो जिल्लाको भ्रमण र जिल्लामा प्रशिद्ध मानिएका मठ मन्दिर र तीर्थस्थलहरुको दर्शन भ्रमण गरीसकेका छन् । अष्ट्रेलियाका विभिन्न सहरहरुको भ्रमणबाट फर्कदा दिल्ली बसाइका बेला भारतका केही तीर्थस्थल पुगेका छन् ।

उपेन्द्रलाई बुढ्यौली पनि लाग्यो, ब्यवहार पनि छोराहरुले हेर्न सक्ने भए । आफूलाई समाज सेवा र धर्मकर्ममा ब्यस्तराख्न रुचाउने उपेन्द्र बानियाँले १० वर्ष अगाडि आफ्नै घरसँगै साढे ४ तले घर बनाई छोराहरु दीप र ज्योतिको नामबट दिपज्योति नामक फेमिली टाइप रेष्टूरेण्ट सञ्चालनको जिम्मा जेठो छोरालार्य दिई, हाल घरैमा बसेर सामाजिक कामबारे सोच्दै छन् । उनी श्रीमती १, छोरा २, छोरी २, ज्वाइ २, बुहारी २, नाति ३ र नातिनी ५ समेत १७ जनाको अभिभावकको रुपमा छन् । नेपाली समाजको चित्रण गरी बृद्धा अवस्थामा पनि १६ वर्षे ठिटोको जागर गरेर लेख पठाउनुहुने साहायक रथी तेज प्रकाश बानियाँलाई धन्यवाद व्यक्त गर्दछौं ।

# राजन मुक्तानको सशक्त अभिनयमा ‘जब फुलले आकार लिन्छ’ नाटक प्रर्दशनमा




काठमाडौं- सर्वनाम थिएटरको २१औं ब्याच प्रशिक्षार्थी समूहद्वारा प्रस्तुत नाटक ‘ जब फुलले आकार लिन्छ’ हाल सर्वनाम रंगमञ्चमा मञ्चन भइरहेको छ। सामाजिक यथार्थ बोकेको यो नाटकमा थिएटर तथा टेली चलचित्र कलाकार राजन मुक्तानको दमदार अभिनय देख्न पाइन्छ ।

राजन मुक्तानले नाटकमा ‘मालि’को भूमिका निर्वाह गरिरहेका छन्, जसले समाजको कठोर यथार्थ र मानव भावनाको संवेदनशील पक्षलाई दर्शकमाझ पुर्‍याउने कोशिस गरेका छन् । उनले यस भूमिकालाई जीवन्त बनाउने प्रयासमा कुनै कसर बाँकी राखेका छैनन् ।

राजन मुक्तानको साधारण जीवनबाट रंगमञ्चसम्मको यात्रा :

रामेछाप जिल्लाको खाडादेवी गाउँपालिका २, मझुवा टोलमा जन्मिएका राजन मुक्तान एक साधारण परिवारका जेठा छोरा हुन् । उनका पिता रोजगार मोक्तान र आमा चिनीमाया तामाङको सानो परिवारमा हुर्किएका राजनले बाल्यकालदेखि नै जीवनसँग संघर्ष गर्नुपरेको थियो ।

गरिव परिवारमा हुर्केका राजन मुतानले कलाकारिता क्षेत्रमा लाग्न धेरै संघर्ष गरे । उनले आफ्नो प्रारम्भिक जीवनमा इट्टाभट्टा,गलैचा कारखानामा समेत काम गरे । त्यति मात्र नभएरा सडकमा चटपटे, पानीपुरी र खरबुजा बेच्दै कलाकारिता क्षेत्रमा लागे ।

राजन मुक्तानले विभिन्न नेपाली टेलिचलचित्र र सिरियलहरूमा अभिनय गरिसकेका छन् । हाल मञ्चन भइरहेको नाटक ‘जब फुलले आकार लिन्छ’ मा उनले निभाएको मालिको चरित्र समाजभित्रको वर्गीय संघर्ष, मिहिनेत, आशा र पीडाको प्रतिनिधित्व गर्छ । उनको अभिनयले नाटकलाई अझ प्रभावशाली बनाएको छ ।

जब फुलले आकार लिन्छ’ नाटक साउन १२ गतेदेखि १८ गतेसम्म मञ्चन भइरहेको छ । नाटकले “अरुको जीवन जिउँदै आफूलाई खोज्ने” भावलाई समेटेको छ, जसले दर्शकहरूलाई सोच्न बाध्य पार्छ ।

राजन मुक्तान जस्ता संघर्षशील कलाकारहरूको कथा नेपाली रंगमञ्च र फिल्म क्षेत्रमा प्रेरणादायी छ । आफ्नो मेहनत, प्रतिबद्धता र लगावबाट उनले कला क्षेत्रमा फरक पहिचान बनाइरहेका छन् ।

# सर्वनाममा फूलको कथा प्रदर्शन



काठमाडौं- कालिकास्थानस्थित सर्वनाम नाटकघरमा साउन १२ गतेदेखि नाटक ‘जब फूलले आकार लिन्छ’ प्रदर्शन भईरहेको छ ।

सर्वनाम २१ औं ब्याचको प्रशिक्षार्थी समूहको प्रस्तुति रहेको नाटकको लेखन तथा निर्देशन प्रशिक्षार्थी समूहले नै गरेको हो । नाटकमा गायत्री जोशी, सुमिक्षा न्यौपाने, इस्मिता भुषाल, अन्जली कोइराला, सुभाष पौडेल, राजन मोक्तान, विजय चापागाइँ, मनोज बोहरा, पवन थापालगायत कालाकारहरुको अभिनय रहेको छ ।

सुन्दरता, खुशी र समाजको परिभाषालाई भित्री मनको आँखाले परिभाषित गर्ने यात्रा हो नाटक ‘जब फूलले आकार लिन्छ ।’ जहाँ दुई समानान्तर पात्रहरुको आफ्नो भोगाइलाई चित्रण गरिएको छ । एकातिर प्रकृतिसँग रमाउन चाहने रानीफूललाई जब मन्दिरमा चढाउने तयारी गरिन्छ, तब उसको विद्रोहको आवाजहरु गुञ्जिन थाल्छन् । अर्कोतिर परिवार र समाजबाट अपहेलित चित्रकारले आफुलाई कुरुप भनिएकै कारण उसले सुन्दर चित्रहरु बनाउन थाल्छ । यि दुई पात्रहरुको यात्रा, संघर्ष र परिवेशमा नाटकको कथावस्तु तयार पारिएको छ ।

समाज र व्यक्तिका दृष्टिकोणले जीवनको परिभाषा फरफरक हुन्छ । समाज र समयले लखेट्दा लखेट्दा एक बिन्दुमा पुगेका चित्रकार र प्रकृतीसँग रमाउन चाहने रानीफूलले आफ्नो जीवनमा खोजेको परिभाषा हो नाटक ‘जब फूलले आकार लिन्छ ’ । नाटकमा बाहिरी भन्दा भित्री सुन्दरताको महत्व खोज्ने चित्रकार र आफैभित्र खुशी खोज्ने रानीफूलको संघर्षको कथा प्रस्तुत गरिएको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१७, अंक- ३,
२०८२ साल साउन २० गते मंगलबार
5 AUGUST 2025, TUESDAY

# सवारी साधन आयात, उत्पादन तथा जडान सम्बन्धी यातायात व्यवस्था विभागमा छलफल



काठमाडौं- श्रावण १४ गते नाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा गएको एक प्रतिनिधि मण्डलले यातायात व्यवस्था विभागका महानिर्देशक राजिव पोखरेलसंग भेटगरी सो विभागले ल्याउन लागेको सवारी साधन आयात उत्पादन तथा जडान सम्बन्धी निर्देशिका २०८२ का सम्बन्धमा विस्तृत छलफल गरेको छ ।

उक्त छलफलमा विशेषगरी सवारी आयात, उत्पादन र जडान, नेपालमा यातायात व्यवसायी महासंघको माँग सम्बन्धमा विद्युतिय सवारी साधनहरुको वारेन्टी, ग्यारेन्टी, अथराइज्ड सर्भिस सेन्टर, चार्जिङ्ग स्टेसनको व्यवस्था गरेर मात्र आयात गर्न पाउने माँग, सवारी साधनमा ईम्बोस्ड नम्बर प्लेट जडानलाई अनिवार्य गर्ने, प्रयोग भएका ब्याट्रीको दीर्घकालीन व्यवस्थापन, डुप्लिकेट सर्टिफिकेसन, डकुमेन्टेसन, छाप र लोगो प्रयोग, मोटर क्षमता र सिट संख्यामा भएको विवाद, भन्सार महसुल निर्धारणको लागि आधारहरूको सिफारिस, ट्याक्सीमा प्रयोग हुने सवारी साधनहरू व्यक्तिगत सवारीभन्दा महँगो भएको ट्याक्सी व्यवसायीको गुनासो र आयात हुने सवारीमा न्एक् अनिवार्य गर्ने लगायतका विषयहरूमा छलफल गरिएको थियो ।

सो छलफलमा नाडाका अध्यक्ष चौधरीले सो निर्देशिकाको विषयमा बुँदागत छलफल गरिनु पर्ने धारणा राख्नु भयो । यसै क्रममा चौधरीले सो निर्देशिकाका सम्बन्धमा नाडामा विस्तृत छलफलगरी सुझाव पठाउने बताउनु हुदै विभागले छलफलका लागि नाडालाई बोलाएकोमा आभार प्रकट गर्नु भयो ।


सो बैठकमा उपस्थित हुनु भएका नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठले सो निर्देशिकामा रहेका केही बुँदाहरु नेपालको सन्दर्भमा व्यावहारिक बनाउनु पर्ने र कतिपय जटिल विषयहरुमा थप छलफलको आवश्यकता रहेको बताउनु भयो ।

छलफलको अन्त्यमा विभागका महानिर्देशक पोखरेलले सवारी साधन आयात उत्पादन तथा जडानका सम्बन्धमा नेपालमा कुनै स्पष्ट नीति नियम नभएको सन्दर्भमा यो निर्देशिका ल्याउन लागेको बताउनु हुदै यसका लागि विभिन्न चरणमा छलफल गरिने बताउनु भयो । सोही छलफलको क्रममा उँहाले सरकारले व्यवसायीहरुका लागि विभिन्न व्यवधानहरु सिर्जना गर्ने गरेको आम बुझाई रहेको भए पनि अव सरकार व्यवसायीहरुको परिपुरकको रुपमा उभिने बताउनु हुदै देशको आर्थिक विकासमा नीजिक्षेत्रको ठूलो भूमिका हुने बताउनु भयो ।

विभागसंग मिलेर नाडाले सवारी साधनहरुका लागि टेष्टिङ्ग फेसिलिटीको व्यवस्था गर्न सकिने भन्ने नाडाका अध्यक्ष चौधरीको प्रस्तावमा प्रतिक्रिया दिदै महानिर्देशक पोखरेलले मुख्यत: ३ वटा विषयमा नाडासंग सहकार्य गरेर अघि बढन सकिने बताउनु हुदै सहि समयमा सही छलफल भएको धारणा राख्नु भयो ।

उक्त छलफलमा सो विभागका प्राविधिक निर्देशक श्रीकान्त यादवले नेपालमा सवारी साधन आयात आयात हुने सम्बन्धी व्यवस्थाहरुका सम्बन्धमा बैठकलाई विस्तृत रुपमा जानकारी गराउनु भएको थियो । सो छलफलमा नाडाका कोषाध्यक्ष मिलनबाबु मल्ल, केन्द्रीय कार्य समिति सदस्य यमुना श्रेष्ठ तथा एशोसिएशन सचिव सुरेन्द्र प्रधान समेतको उपस्थिति रहेको थियो ।

# डोङफेङ नामीको चाडपर्व अघि नै विशेष अफर




काठमाडौं- डोङफेङ नामीले चाडपर्व आउनु अगावै ग्राहकहरूलाई उत्सवको अनुभव दिलाउनका लागि ‘अर्ली फेस्टिभ अफर’ सुरु गरेको घोषणा गरेको छ ।

“व्हाई वेट फर द फेस्टिभलरु” भन्ने नार ासहित ल्याइएको यो फरअन्तर्गत कम्पनीले ग्राहकहरूलाई नेपालमा अत्याधिक मन पराइएको प्रिमियम इलेक्ट्रिक ह्याचब्याक नामी किनेर मौकाको फाइदा उठाउन आव्हान गरेको छ ।

नामीले आफ्नो सेग्मेन्ट फर्स्ट फिचरहरू, बलियो रेन्ज र उत्कृष्ट मूल्यका कारण छोटो समयमै नेपाली ग्राहकहरूको मन जित्न सफल भएको छ । बोल्ड डिजाइन, लक्जरी इन्टेरियर र प्रयोग गर्न सहज प्रविधिको संयोजनले नामीलाई आधुनिक जीवनशैलीका लागि उपयुक्त ठूलो ह्याचब्याक भएको फाइभ (स्टार लक्जरी इभी बनाएको छ ।

ग्राहकको गाडी किन्ने अनुभवलाई अझ विशेष बनाउन, डोङफेङ नामीले यो गाडीलाई विशेष चाडपर्व मूल्य ३३.९९ लाख रुपैयाँमा उपलब्ध गराएको छ जुन पहिले ३४.७९ लाख रुपैयाँ थियो । चाडपर्व सुरु हुनु अघि नैअफर सुरु गरेर कम्पनीले ग्राहकहरूलाई चाडबाडको भीडभाड नपर्खीकनै उत्सव सुरु गर्ने मौका दिएको छ ।

## अफर विवरण

चाडपर्व मूल्य: ३३.९९ लाख रुपैयाँ (पहिलेको मूल्य) ३४.७९ लाख अफर उपलब्ध: डोङफेङ नामीको देशभरका सम्पूर्ण शोरूमहरूमा डोङफेङ नामीले डिजाइन, नवीनता र दैनिक व्यवहरिकताको संयोजनमार्फत नेपालमा

## विद्युतीय सवारी

साधनको प्रयोग विस्तार गर्न अग्रणी भूमिका खेल्दै आएको छ । यो प्रारम्भिक चाडपर्व योजना मार्फत कम्पनीले यो वर्षभरिकै प्रतिक्षित समयमा प्रिमियम इलेक्ट्रिक गाडीलाई अझ धेरै नेपालीहरूका लागि पहुँचयोग्य बनाउने लक्ष्य राखेको छ ।

नामीले चाडबाड अगाडि नै उत्सव ल्याइदिएको छ भने अब चाडपर्व नै किन कुर्नँ भन्ने अवधारण समेत सार्वजनिक गरेको छ ।

# नाइमा मोबिलिटी एक्सपोमा सार्वजनिक हुँदै

काडमाडौं- लक्ष्मी ग्रुप अन्तर्गतको एलएक्सजी मोटर्स प्रा.लिले चीनको प्रख्यात व्यावसायिक विद्युतीय सवारी ब्रान्ड क्यारी’ लाई नेपाली बजारमा ल्याउने आधिकारिक घोषणा गरेको छ ।

साउन २१ गतेदेखि सञ्चालन हुने नेपाल अटोमोबाइल ईपोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एशोसिएसन (नाइमा) द्वारा आयोजित ‘नाइमा मोबिलिटी एक्सपो २०२५’ मार्फत ‘क्यारी’ ब्रान्डका दुई नयाँ विद्युतीय भ्यानहरू सार्वजनिक हुने भएका हुन् ।


हुन्डाई र बीएमडब्ल्यू जस्ता विश्वस्तरीय अटोमोबाइल ब्रान्ड तथा कमर्सियल भेइकलमा एसएमएल इसुजुको समेत आधिकारिक वितरक रहेको लक्ष्मी ग्रुपले आफ्नो विद्युतीय यात्रालाई निरन्तरता दिँदै पूर्णतः विद्युतीय व्यावसायिक सवारीको क्षेत्रमा नयाँ आयाम थप्न लागेको छ । 'क्यारी' ब्रान्ड विश्वकै अग्रणी अटोमोबाइल निर्माता चेरी कमर्सियल भेहिकल्स अन्तर्गत पर्दछ, जुन आफ्नो विश्वसनीयता, सुरक्षा, र उत्कृष्ट प्रदर्शनका लागि विश्वभर परिचित छ । क्यारी ब्रान्ड अन्तर्गत केभान १ र केभान २ भेरिएन्टका इलेक्ट्रिक




भ्यान लन्च गर्न लागिएको हो । व्यावसायिक प्रयोजनका लागि आधुनिक खैरो रङमा 'कमर्सियल भेरियन्ट' र स्कुल-कलेज प्रयोजनका लागि सुरक्षात्मक पहेँलो रङमा 'स्कुल भेरियन्ट' उपलब्ध हुनेछन् ।

५३ किलोवाट आवर क्षमताको सिएटिएल ब्याट्री जडान गरिएको यी भ्यानले एक पटकको फुल चार्जमा अधिकतम ३०० किलोमिटर रेन्ज दिने दाबी गरिएको छ । गाडीको औपचारिक लन्च र विस्तृत जानकारी नाइमा मोबिलिटी शो २०२५ मा दिइने कम्पनीको भनाई छ ।

एलएक्सजी मोटर्स प्रालि नेपालको अग्रणी व्यावसायिक समुह, लक्ष्मी ग्रुपको एक सहायक कम्पनी हो । कम्पनीले नेपाली बजारमा उत्कृष्ट र वातावरणमैत्री विद्युतीय सवारी साधनहरू भित्र्याएर दिगो यातायातमा योगदान पुर्याउने लक्ष्य राखेको छ ।




जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार